स्फुटं चन्द्रं विकलारूपतां नयेत् । ता विकलाः शून्यशून्याऽभ्रमातङ्गश्रुतिभिर् ४८००० (चत्वारि अयुतानि, अष्ट सहस्राणि अनया सङ्ख्यया) भजेत । लब्धिसङ्ख्या व्यतीतानाम् अश्विन्यादिकानां नक्षत्राणां सङ्ख्यां सूचयति । शेषं गतसंज्ञं भवति । हाराद् ४८००० गतं शोधयेद्, गम्यं भवति । गतं षष्टया ६० संगुण्य विकलारूपया चन्द्रगत्या भजेत । लब्धिर् वर्तमानस्य नक्षत्रस्याऽर्द्धरात्रात् पूर्वं व्यतीता घटयादिकाः स्युः । एवं वर्तमानस्य भस्याऽर्द्धरात्राद् आगामिन्यो घटयादिका गम्यतः साधनीया भवन्ति ।

विष्कम्भादियोग ल्याइन्छ ।

मूल पाठ

तत्तो सविष्किकं कुर्याद् विमिश्रं रविचन्द्रयोः ॥

(सुमतितन्त्र ताडपत्र ३९ ख पत्र, छापा ७४ पृष्ठ)

प्रतिसंस्कृत पाठ

योगसाधनम्

सूर्याचन्द्रमसौ स्पष्टौ योजयित्वा प्रसाधयेत् ।
विष्कम्भप्रमुखान् योगान् शास्त्रदृष्टेन कर्मणा ॥

अनुवाद

स्पष्टचन्द्रबाट स्पष्टसूर्य घटाउनू । शेष राशि, अंश, कला, विकला हुन्छ । राशिलाई ३० (तीस) ले गुनी गुणनफलमा अंश जोड्नू, योगफल अंशादि हुन्छ । अंशादिलाई ६० (साठी) ले गुनी गुणनफलमा कला जोड्नू, योगफल कलादि हुन्छ । कलादिलाई ६० (साठी) ले गुनी गुणनफलमा विकला जोड्नू, योगफल विकलात्मक चन्द्रसूर्यान्तर हुन्छ ।

त्यो विकलात्मक चन्द्रसूर्यान्तरलाई ४३२०० (त्रिचालीस हजार, दुइ शय) ले भाग लिनू । लब्धि शुक्लादि गत तिथिको सङ्ख्या हुन्छ । शेष विकला वर्तमान तिथिको गत (भुक्त) विकला हुन्छ । भुक्तविकलालाई हर ४३२०० (त्रिचालीस हजार, दुइ शय) बाट घटाउनू, शेष गम्य (भोग्य) विकला हुन्छ । चन्द्रको स्पष्ट गतिबाट सूर्यको स्पष्ट गति घटाई शेषलाई विकलात्मक बनाउनू, विकलात्मक गत्यन्तर हुन्छ । चन्द्रसूर्यको भुक्त विकलात्मक अन्तरलाई ६० (साठी) ले गुनी गुणनफललाई चन्द्रसूर्यको विकलात्मक गत्यन्तरले भाग लिनू, लब्धि घडी हुन्छ । शेषलाई ६० (साठी) ले गुनी गुणनफललाई उही गत्यन्तरले भाग लिनू, लब्धि पला हुन्छ । शेषलाई ६ (छ) ले गुनी गुणनफललाई उही गत्यन्तरले भाग लिनू, लब्धि असु हुन्छ । यसरी आएको लब्धि वर्तमान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तिथिको भुक्त घडी, पला, असु हुन्छन् । यो आएको अभीष्ट दिनको मध्यरातभन्दा पहिले नै भुक्त भइसकेको सम्झनुपर्छ । यसै गरी गम्य (भोग्य) घटचादि पनि ल्याउनुपर्छ । यसरी आएको भोग्य घटचादि अभीष्ट दिनको आधारातपछि समाप्त हुन्छ भन्ने सम्झनुपर्छ ।

स्पष्टचन्द्रलाई विकलात्मक बनाउनू । त्यो विकलात्मक चन्द्रलाई ४८००० (अठचालीस हजार) ले भाग लिनू, लब्धि अश्विन्यादि गतनक्षत्रको सङ्ख्या हुन्छ । शेष वर्तमान नक्षत्रको गत (भुक्त) विकला हुन्छ । भुक्त विकलालाई हर ४८००० (अठचालीस हजार) बाट घटाउनू, शेष गम्य (भोग्य) विकला हुन्छ । भुक्त विकलालाई ६० (साठी) ले गुनी गुणनफललाई चन्द्रमाको विकलात्मक गतिले भाग लिनू, लब्धि वर्तमान नक्षत्रको आधारातभन्दा पहिले नै भुक्त भइसकेका घटचादि हुन्छन् । यसै गरी वर्तमान नक्षत्रको आधारातपछि समाप्त हुने गम्य (भोग्य) घटचादि ल्याउनुपर्छ ।

विष्कम्भादि योग ल्याउँदा पनि शास्त्रले बताएअनुसार गरी ल्याउनुपर्छ । अर्थात् स्पष्टसूर्य र स्पष्टचन्द्रको योग गरी सो योगफललाई विकलात्मक बनाउनू । सो विकलात्मक योगफललाई ४८००० (अठचालीस हजार) ले भाग लिनू, लब्धि विष्कम्भादि गत योगको सङ्ख्या हुन्छ । शेष वर्तमान योगको गत (भुक्त) विकला हुन्छ । भुक्त विकलालाई हर ४८००० (अठचालीस हजार) बाट घटाउनू, शेष गम्य (भोग्य) विकला हुन्छ । भुक्त विकलालाई ६० (साठी) ले गुनी गुणनफललाई सूर्यचन्द्रको गतियोग विकलाले भाग लिनू, लब्धि वर्तमान योगको आधा रातभन्दा पहिले नै भुक्त भइसकेका घटचादि हुन्छन् । यसै गरी वर्तमान योगको आधारातपछि समाप्त हुने भोग्य घटचादि ल्याउनुपर्छ ।

अभीष्ट दिनको

मन्दस्पष्टसूर्य = ६।२२।३९।४
मन्दस्पष्टचन्द्र = २।१२।६।५०
सूर्यको स्पष्टगति = ६०।२६
चन्द्रको स्पष्टगति = ७४७।५०

यताबाट तिथि, नक्षत्र, योगका भुक्त र भोग्य घटचादि ल्याइन्छ ।

चन्द्रको स्पष्टगति = ७४७।५०
सूर्यको स्पष्टगति = −६०।२६
गत्यन्तरकला = ६८७।२४
गत्यन्तरविकला = ४१२४४

मन्दस्पष्टचन्द्र = २।१२।६।५०
मन्दस्पष्टसूर्य = −६।२२।३९।४
चन्द्रसूर्यान्तर = ७।१९।२७।४६
७ × ३० + १९
" अंशादि = २२९।२७।४६
२२९ × ६० + २७
" कलादि = १३७६७।४६
१३७६७ × ६० + ४६
विकलात्मक चन्द्रसूर्यान्तर = ८२६०६६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हर   विकलात्मक   चन्द्रसूर्यान्तर

```
४३२००) ८२६०६६ (१९ गततिथि
       ४३२००
       ------
       ३९४०६६
       ३८८८००
       ------
        ५२६६ शेष विकला
```

हर = ४३२००

शेष = −५२६६ वर्तमान पञ्चमीको भुक्तविकला

३७९३४ वर्तमान पञ्चमीको भोग्यविकला

गत्यन्तरविकला	घडी	भुक्तविकला:
४१२४४:	६० ::	५२६६:

$$\frac{६० \times ५२६६}{४१२४४} = \frac{१५ \times ५२६६}{१०३११} = \frac{२६३३०}{३४३७} = \text{घडी पला असु } ७ \; । \; ३९ \; । \; ३$$

वर्तमान तिथि पञ्चमीको भुक्त घटचादि

```
               घडी  पला  असु
३४३७) २६३३० (७ । ३९।  ३
      २४०५९
      -----
      २२७१×६०
      १३६२६०
       १०३११
      ------
       ३३१५०
       ३०९३३
      ------
       २२१७×६
       १३३०२
       १०३११
      ------
```

यो आएको अभीष्टदिन (मङ्गलवार) को आधारात–भन्दा पहिले नै भुक्त भइसकेको घटचादि ७।३९।३ भयो ।

गत्यन्तरविकला	घडी	भोग्यविकला
४१२४४:	६० ::	३७९३४:

घडी पला असु

$$\frac{६० \times ३७९३४}{४१२४४} = \frac{१५ \times ३७९३४}{१०३११} = \frac{१८९६७०}{३४३७} = ५५। \; ११ \; । \; १$$ वर्तमान पञ्चमीको भोग्य घटचादि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३४३७) १८९६७० (५५।११।०.५
१७१८५
१७८२०
१७१८५
६३५ × ६०
३८१००
३४३७
३७३०
३४३७
२९३ × ६
१७५८०
१७१८५

यो आएको अभीष्टदिन (मङ्गलवार) को आधारातभन्दा पछि समाप्त हुने पञ्चमीको भोग्य घटचादि ५५।११।१ भयो।

चन्द्रको स्पष्टगति = ७४७।५०

७४७ × ६० + ५०

विकलात्मक चन्द्रगात ४४८७०

मन्दस्पष्ट चन्द्र = २।१२।६।५०

२ × ३० + १२

अंशादि चन्द्र = ७२।६।५०

७२ × ६० + ६

कलादि चन्द्र = ४३२६।५०

४३२६ × ६० + ५०

विकलात्मक चन्द्र = २५९६१०

हर विकलात्मक चन्द्र
४८०००) २५९६१० (५ गतनक्षत्र मृगशिरा
२४००००
१९६१० शेष विकला

हर = ४८०००
शेष = १९६१० वर्तमान नक्षत्र आर्द्राको भुक्त विकला

२८३९० वर्तमान नक्षत्र आर्द्राको भोग्य विकला

चन्द्रगतिविकला		घडी		भुक्तविकला
४४८७०	:	६०	::	१९६१०:

$$\frac{६० \times १९६१०}{४४८७०} = \frac{६ \times १९६१०}{४४८७} = \frac{११७६६०}{४४८७} = \text{घडी } २६ ।\ \text{पला } १३ ।\ \text{असु } २$$

CC-0. Nepal Sanskrit Academy, Kathmandu

घ. प. अ आर्द्राको भुक्तघट्यादि

४४८७)११७६६० (२६ । १३ । २
८९७४
२७९२०
२६९२२
९९८×६०
५९८८०
४४८७
१५०१०
१३४६१
१५४९×६
९२९४
८९७४
३२०

यो आएको अभीष्टदिन (मङ्गलवार) को आधा रातभन्दा पहिले नै भुक्त भइसकेको घटचादि २६।१३।२ भयो ।

चन्द्रगतिविकला		घडी		भोग्यविकला
४४८७०	:	६०	::	२८३९०

$$\frac{६०\times २८३९०}{४४८७०}=\frac{६\times २८३९०}{४४८७}=\frac{१७०३४०}{४४८७}=$$ घडी ३७ । पला ५७ । असु ५

घ. प. अ.

४४८७) १७०३४० (३७ । ५७ । ५ · आर्द्राको भोग्य घट्यादि
१३४६१
३५७३०
३१४०९
४३२१×६०
२५९२६०.
२२४३५
३४९१०
३१४०९
३५०१×६
२१००६
२२३३५
–१३२९

यो आएको अभीष्टदिन (मङ्गलवार) को आधा रातभन्दा पछि समाप्त हुने आर्द्रानक्षत्रको भोग्य घटचादि ३७।५७।५ भयो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा ७३ अङ्क/३४

सूर्यको स्पष्ट गति = ६० ।२६ मन्दस्पष्टसूर्य = ६।२२।३६।४
चन्द्रको स्पष्टगति = ७४७ ।५० मन्दस्पष्टचन्द्र = २।१२।६।५०
गतियोग = ८०८।१६ सूर्यचन्द्रको योग = ९।४।४५।५४
८०८×६०+१६ ९×३०+४
ग. यो. विकला ४८४९६ " अंशादि = २७४।४५।५४

" कलादि = २७४×६०+४५ / १६४८५।५४

" विकलादि = १६४८५×६०+५४ / ९८९१५४

विकलात्मक चन्द्रसूर्यको योग

४८०००) ९८९१५४ (२० गतयोग शिव
९६०००
२९१५४ सिद्धियोगको भुक्तविकला
४८००० हर
−२९१५४
१८८४६ सिद्धियोगको भोग्यविकला

गतियोगविकला घडी भुक्तविकला
४८४९६ : ६० :: २९१५४

६०×२९१५४ / ४८४९६ = १७४९२४० / ४८४९६ = घडी पला असु ३६ । ४ । १ वर्तमान सिद्धियोग

४८४९६) १७४९२४० (३६।४।१ सिद्धियोगको भुक्तघटचादि
१४५४८८
२९४३६० यो आएको अभीष्टदिन (मङ्गलवार) को आधा रातभन्दा पहिले नै भुक्त भइसकेको
२९०९७६ घटचादि ३६।४।१ भयो।
३३८४×६०
२०३०४०
१९३९८४
९०५६×६
५४३३६
४८४९६

गतियोगविकला घडी भोग्यविकला
४८४९६ : ६० :: १८८४६

६०×१८८४६ / ४८४९६ = ११३०७६० / ४८४९६ = घडी पला असु २३ । १९ । ०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४८४९६) ११३०७६० (२३।१९ सिद्धियोगको भोग्य घटचादि
९६९९२
―――――
१६०८४०
१४५४८८
―――――
१५३५२X६० यो आएको अभीष्टदिन (मङ्गलवार) को आधा रातभन्दा पछि समाप्त हुने
―――――
९२११२० सिद्धियोगको भोग्यघटचादि २३।१९ भयो।
४८४९६
―――――
४३६१६०
४३६४६४
―――――
−३०४

यति गणनाबाट वि. सं. २०४४ मार्गकृष्णपञ्चमीको भोग्यघटचादि ५५।११ आर्द्राको भोग्यघटचादि ३७।५८ सिद्धियोगको भोग्यघटचादि २३।१९ आए।

सुमतितन्त्रअनुसार वारप्रवेश आधा रातमा हुन्छ। यस कारण वि. सं. २०४४ कार्तिक २३ गते सोमवारको आधारातदेखि सुमतितन्त्रअनुसार मङ्गलवार लाग्छ।

सुमतितन्त्रमा लङ्काको मध्यममानअनुसारको आधारातदेखि घटचादि आउँछन्। लङ्काको आधा रातदेखि १५।० घडीपछि मध्यममानअनुसार लङ्कामा सूर्योदय हुन्छ।

यस कारण वि. सं. २०४४ कार्तिक २४ गते मङ्गलवार मध्यममानअनुसार लङ्कामा सूर्योदय भएको (५५।११−१५।०)=४०।११ घटचादि बितेपछि पञ्चमीको समाप्ति हुन्छ। यसै गरी (३७।५८−१५।०)= २२।५८ घटचादि बितेपछि आर्द्राको समाप्ति हुन्छ तथा (२३।१९−१५।०)=८।१९ घटचादि बितेपछि सिद्धियोगको समाप्ति हुन्छ। लङ्काको मध्यम सूर्योदयदेखि बितेका घटचादिमा भुजान्तर, काठमाडौँको रेखान्तर तथा चर संस्कार गरी काठमाडौँको स्पष्ट सूर्योदयदेखि बितेका घटचादि ल्याउनुपर्छ। सो काम अर्को निबन्धमा गरिनेछ।

□

अष्टसाहस्रिका प्रज्ञापारमिताका दुइवटा पुराना लेखोट पुस्तकका अहिलेसम्म प्रकाशमा नआएका पुष्पिका

(वि. सं. १०६४, ११०७)

—महेशराज पन्त

१ सङ्ख्या

अष्टसाहस्रिका प्रज्ञापारमिताको ताडपत्रमा लेखिएको एउटा प्राचीन पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयमा छ। त्यसको रीलसङ्ख्या ई २१२४/९ हो। त्यस पुस्तकको पुष्पिकाको केही अंश यस प्रकारको छ—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आर्याष्टसहस्रिकायां प्रज्ञापारमितायां परिन्दनापरिवर्त्तो नाम द्वात्रिंशतिमः समाप्ता चेयं भगवत्यार्याष्टसहस्रिका प्रज्ञापारमिता

१ सम्वत् १०० २० ७ चैत्रशुक्लदिवा चतुर्थ्यां श्रीमहाराजाधिराजपरमेश्वरश्रीनिर्भयदेवस्य श्रीरुद्रदेवस्योभयराज्य लिखितव्य ˘ ˎश्रीमहाराजविहारवास्तव्यसाक्यभि...

यस पुस्तकको माथि उद्धरण गरिएको अंश अपूरो भए तापनि यसपछिको अंश परेको पत्र नपाइएकोले हामीले अहिलेको लागि यतिले नै चित्त बुझाउनुपरेको छ। ने. सं. १२७ (वि. सं. १०६४) चैत्रशुक्लचतुर्थी (वैशाख २ गते) को दिन राजा निर्भयदेव र रुद्रदेवको उभयराज्यमा महाराजविहारका बुनै शावयभिक्षुले यो पुस्तक सारेका थिए भन्ने कुरा यस पुष्पिकाबाट बुझिएको छ।

लूच्यानो पेतेकको **नेपालको मध्यकालको इतिहास**को दोस्रो संस्करणमा राजा निर्भयदेवको पालाको ने. सं. १२५ (वि. सं. १०६२) चैत्रशुक्लत्रयोदशी (वैशाख ४ गते) को लिखत दिइसकेपछि[1] राजा निर्भयदेव र रुद्रदेवको द्वैराज्यको ने. सं. १२८ (वि. सं. १०६४) फाल्गुनकृष्ण सोमवार उत्तरभाद्र नक्षत्रको लिखत दिइएको छ।[2] यताबाट वि. सं. १०६२ चैत्रशुक्लत्रयोदशीदेखि वि. सं. १०६४ फाल्गुनकृष्णसम्मका २३ महीनाभित्र राजाको नाउँ परेका कुनै लिखत पेतेकले नभेट्टाएको स्पष्ट भएको छ। वि. सं. १०६४ चैत्रशुक्ल-चतुर्थीको लिखत अहिले भेट्टिएकोले यो अन्तर कम भएको छ भनी भनिरहनुपर्दैन। अर्को कुरा निर्भयदेव र रुद्रदेवको द्वैराज्यको मिति अझ एक वर्ष जति अगाडि यस लिखतद्वारा घचेटिन गएको पनि यहाँनिर भन्नुपर्छ।

२ सङ्ख्या

अष्टसाहस्रिका प्रज्ञापारमिताको ताडपत्रमा लेखिएको अर्को प्राचीन पुस्तकको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयमा छ। त्यसको रीलसङ्ख्या ई १९६९/२ हो। त्यस पुस्तकको पुष्पिका यस प्रकारको छ–

आर्याष्टसाहस्रिकायां प्रज्ञापारमितायां धर्मोद्गतपरिवर्त्तो नामः एकत्रिंसतिमः॥२३॥ समाप्ता चेयं भगवत्यार्याष्टसाहस्रिकायां प्रज्ञापारमिता सर्वतथागतजननी सर्वबोधिसत्व-प्रत्येकबुद्धाऽर्यश्रावकाणाञ्च माता धर्ममुद्राधर्माङ्काधर्मनाभिधर्मभेरीधर्मनेत्रीधर्मरत्ननिधान-मक्षयो धर्मकोशो धर्माऽचिन्त्याद्भुतदर्शननक्षत्रमाला सर्वसुखहेतुरिति ॥ सदेवमानुषा सुरगन्धर्वश्च लोकवन्दिता प्रज्ञापारमिता सम्यगुद्गृह्य पर्यवाप्य च धारयित्वा प्रवर्त्यना विहरन्तु सदार्थिन इति ॥✱॥

---

१. वि. सं. २०४० मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद एस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित, लूच्यानो पेतेकको **मेड्इईभल् हिस्टरि अफ् नेपाल्** [नेपालको मध्यकालको इतिहास] को दोस्रो संस्करणको ३५ पृष्ठ, १ सङ्ख्याको लिखत।

ने. सं. १२५ चैत्रशुक्लत्रयोदशीको विक्रमसंवत्अनुसारको गणना, वि. सं. २०३० मा प्रकाशित **पूर्णिमा** ३० अङ्कमा छापिएको दिनेशराज पन्तको **राजा निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेव** भन्ने निबन्धमा (११८ पृष्ठमा) दिइएको छ। त्यतैबाट महीना र गते यहाँ सारिएको हो।

२. **नेपालको मध्यकालको इतिहास**को दोस्रो संस्करणको ३६ पृष्ठ, २ सङ्ख्याको लिखत।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ये धर्मा हेतुप्रभवा हेतु तेषां तथागतो ह्यवद ।
त्तेषाञ्च यो निरोध एवंवादी महाश्रवणः ।।

सम्वत् १०० ७० १ । मार्ग्गशिरशुक्लपूर्णमास्यां शनिश्चरदिने । श्रीभोगिणीमध्यमविहारैवास्तव्यपरमसौगतपरमोपासिकीपुलकाराणिदेव्याया यदत्र पुण्यन्तद्भवत्वाचार्योपाध्यायमातापितृपूवङ्गमं सकलसत्वरासेरनुत्तराज्ञानफलाप्तयेदिति ।

राजाधिराजपरमेश्वरपरमभट्टारकमहाराजश्रीबलदेवमहाराजस्य प्रवर्त्तमाने शाक्यभिक्षुस्थविरपद्मकुक्षेडुश्वहत्नकेन लिखितमिदम्मया अष्टसाहस्त्रिका प्रज्ञा...

ने. सं. १७१ (वि. सं. ११०७) मार्गशुक्लपूर्णिमा शनैश्चरवारको दिन राजा बलदेवको पालामा भोगिनीमध्यमविहारमा बस्ने एक जना स्त्रीले एक जना शाक्यभिक्षुलाई **अष्टसाहस्रिका प्रज्ञापारमिताको** यो पुस्तक सार्न लगाएकी थिइन् भन्ने कुरा यस पुष्पिकाबाट बुझिएको छ ।

लूच्यानो पेतेकको **नेपालको मध्यकालको** इतिहासको दोस्रो संस्करणमा राजा बलदेवको पालाको ने. सं. १६६ (वि. सं. ११०६) वैशाखकृष्णसप्तमीको लिखत दिइसकेपछि[3] उनैको पालाको ने. सं. १७२ (वि. सं. ११०८) माघशुक्लअष्टमी आदित्यवारको लिखत दिइएको छ ।[4] यताबाट वि. सं. ११०६ वैशाखकृष्णसप्तमीदेखि वि. सं. ११०८ माघशुक्लअष्टमीसम्मका झण्डै २१ महीनाभित्र राजाको नाउँ परेका कुनै लिखत पेतेकले नभेट्टाएको स्पष्ट भएको छ । वि. सं. ११०७ मार्गशुक्लपूर्णिमाको लिखत अहिले भेट्टिएकोले यो अन्तर कम भएको छ भनी भनिरहनुपर्दैन ।

---

३. उही पुस्तकका ४३–४४ पृष्ठ, १ सङ्ख्याको लिखत ।

४. उही पुस्तकको ४४ पृष्ठ, २ सङ्ख्याको लिखत । यहाँ भ्रमवश **सम्वत् १५२** छापिन पुगेको छ । वि. सं. २०४२ मा कीर्तिपुरबाट नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित **कन्ट्रिब्यूशन्ज् टु नेपालिज् स्टडिज्** [नेपालविषयक विद्यासम्बन्धी लेख] को १२ वर्ष २ अङ्कमा छापिएको, क. मर्. प्रकाश मल्लको **लूच्यानो पेतेक्: मेड्इईभल् हिस्टरि अफ् नेपाल् सी. ७५०–१४८२** [लूच्यानो पेतेकको नेपालको मध्यकाल–वि. सं. ८०७ आ.–१५३८ को इतिहास] भन्ने निबन्धमा १३४ पृष्ठमा छपाइमा परेको यो गलती सच्याइएको छ । वि. सं. २०१५ मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद एस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित, लूच्यानो पेतेकको **मेड्इईभल् हिस्टरि अफ्** नेपाल्को पहिलो संस्करणको ४२ पृष्ठमा १ सङ्ख्याको लिखतको रूपमा यही लिखत छापिएको छ । त्यहाँ भने शुद्ध रूप **सम्वत् १७२** नै छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यङ्गबाहाको प्राचीनताको विषयमा

– महेशराज पन्त

पाटन सुनधाराभन्दा पूर्वपट्टिको गल्लीबाट तीन मिनेट जति दक्षिण हानिएपछि लुँखुसीटोल पुगिन्छ। त्यही लुँखुसीटोलमा यङ्गबाहा भन्ने बहाल छ । त्यस बहालको विषयमा लेख्दै जाँदा जोन केर लकले त्यसको प्राचीनताको विषयमा यस्तो लेख्नुभएको छ–

नथिङ इज् नोन् अबाउट् द हिस्टरि यान्ड् फाउनडेशन् अफ् दिस् बाहा यान्ड् द ओनलि डेट् इज् ब वन् अन् द चैत्य, एन्. एस्. १०६३ । हाउएभ्अर्, द फाउनडेशन् इज् सर्टिन्लि ओल्ड्अर् द्यान् दिस् डेट् ।[1] [यस बाहाको स्थापना र इतिहासको विषयमा केही थाहा छैन र (यससम्बन्धी) एक मात्र समय, चैत्यमा भएको ने. सं. १०६३ हो । यसो भए तापनि यसको स्थापना, यस समयभन्दा पक्कै पनि पहिले भएको हो ।] यङ्गबाहाको आँगनमा रहेको चैत्यमा कुँदिएको लेखबाट सो चैत्यको जीर्णोद्धार ने. सं. १०६३ [वि. सं. २०००] ज्येष्ठपूर्णिमाको दिन भएको हो भन्ने बुझिएकोले[2] लकले लख गरेको अभिलेख यही नै देखिन्छ । यताबाट, यङ्गबाहाको विषयमा वि. सं. २००० भन्दा पुरानो लेख लकले नभेट्टाएको स्पष्ट भएको छ ।

---

१ वि. सं. २०४२ मा काठमाडौँबाट सहयोगी प्रेस प्राइभेट लिमिटेडद्वारा प्रकाशित, जोन केर लकको **बुड्इस्ट् मनअस्टरिज् अफ् नेपाल्** [नेपालका विहार] का ११५–११८ पृष्ठ ।

२. त्यस चैत्यको अभिलेख यस प्रकारको छ–

१. शुभ सम्बत १०६३ साल ज्यथपुन्हि शुक्रवार थुखुन्हु न्यास तया दिन ।। श्री ३ पंचबुद्धचैत्य जिर्णउधार याना थो दिन...जोति

२. माया रानीमति दिवंगत ‸ पुत्र जोगरत्न ‸ भार्ज्याष्ठमाया पुत्र त्रीरत्न ‸ रत्नमाया ‸ आसामाया ‸ संतुमाया ‸ चिरीमाया, थुलि संमोह...न उप्ती जु–

३. या जिर्णउधार यात. थुगु धर्म जगत संसार उधर जुयमाल जुल ।। शुभ्मं ।।

४. मुनिरत्न

(जहाँ जहाँ ..राखिएको छ, त्यहाँ त्यहाँ ढुङ्गाको टुक्रा काटिएको छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाटनको **यङ्ग्वलविहारको** उल्लेख, लिखतपत्रमा ने. सं. १५९ [वि. सं. १०९५] माघशुक्लतृतीयामै आइसकेको कुरा यस प्रसङ्गमा स्मरणीय छ।[3] त्यसपछि ने. सं. २७२ [वि. सं. १२०९] वैशाखपूर्णिमाको लिखतपत्रमा पाटनको **यंगलविहार**को उल्लेख परेको पनि हामीले यहाँनिर सम्झनुपर्छ।[4] फेरि ने. सं. ३०६ [वि. सं. १२४३] ज्येष्ठशुक्लएकादशीको लिखतपत्रमा पाटनकै **यङ्गलविहार**को उल्लेख परेको पनि यहाँ हामीले याद गर्नुपर्छ।[5]

लकको पुस्तक प्रकाशित हुनुभन्दा पाँच वर्ष अगाडि नै यी तीनवटै लिखतपत्र छापिसकेका थिए।[6] स्थिति यस्तो भए तापनि लकले ती अघिल्ला र पछिल्ला लिखतपत्रको चर्चै नगरेको र बीचको लिखतपत्रमा नाउँ परेको **यंगलविहार**चाहिँ यमुबाहा हुन सक्छ[7] भनी लेखेको कुरा स्मरणीय छ।

वि. सं. १०९५ को लिखतपत्रमा **यङ्गलविहार**को चर्चा आए तापनि कूत बुझाउने सन्दर्भमा विशेष कुरा नलेखी त्यस विहारको नाउँ मात्र त्यहाँ लेखिएकोले त्यतिको आधारमा त्यो विहार कहाँ थियो भनी भन्न सकिँदैन। वि. सं. १२०९ को लिखतपत्रमा **यंगलविहार**को जुन चर्चा आएको छ, त्यो पनि, **यंगलविहारका** फलाना भनी साक्षी बस्नेको वतन खुलाउँदा आएकोले त्यताबाट त्यस विहारको अवस्थिति पत्ता लाउन सकिँदैन। वि. सं. १२४३ को लिखतपत्रमा पनि त्यस्तै गरेर साक्षी बस्नेको वतन खुलाउने सन्दर्भमा **यङ्गलविहार**को नाउँ परेकोले सो विहार कहाँनिर थियो भनी भन्न सकिँदैन। यस कारण, वि. सं. १२०९ को लिखतपत्रमा आएको **यंगलविहार**, यमुबाहा हुन सक्छ भनी लकले तर्क गरे जस्तै, वि. सं. १०९५ को लिखतपत्रमा आएको **यङ्ग्वलविहार** र वि. सं. १२४३ को लिखतपत्रमा आएको **यङ्गलविहार** पनि यङ्गबाहा नभई अरू अरू विहार नै हुन् भनी कसैले तर्क गर्न सक्लान्। यस कारण यङ्गबाहाको प्राचीनताको साथै सस्थान पनि खुलाउने लिखतपट्टि हामीले आँखा लाउनुपरेको छ।

ताडपत्रमा लेखिएको, ने. सं. ३९० [वि. सं. १३२६] फाल्गुनशुक्लपञ्चमीको लिखतपत्रबाट यस विषयमा प्रकाश पर्ने हुनाले अप्रकाशित त्यस लिखतपत्रको उतार सबभन्दा पहिले यहाँ दिनुपरेको छ। त्यस लिखतपत्रको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयमा छ र त्यसको रील सङ्ख्या ई १९७०।४८ हो।

मूल पाठ

१. ॐ श्रेयोऽस्तु ॥ सम्वत् ३९० फाल गुनशुक्लपञ्चस्या० श्रीललितब्रुमाया० श्रीनोगल्केः यंगलविहाराद्धिवाशिनीः पूर्व्व शिरीवर्धिनामनेन स्वकीयं शुभुजमानक० तस्मिनेव श्रीपश्चिम गांकुटोल्केः ब्तिीफशर्छे अधिवाशिनोः स्येलोभरीनामन सकाशात् ॥ खनाबूक्षेत्रप्रदेशेः

---

३. वि. सं. २०४२ मा जाङ्क्ट आगुस्टीनबाट फेराइनिगुङ फुइर गेशिख्ट्सविसेनशाफ्ट फेर्लागद्वारा प्रकाशित, बर्नहार्ड क्योलभर र हेमराज शाक्यको **डकुमन्ट्स् फ्रम् द रुद्रवर्णमहाविहार, पाटन्** [पाटन रुद्रवर्णमहाविहारका लिखत] का १०३–१०४ पृष्ठ=३ चित्रसङ्ख्या।

४. उही पुस्तकका २०१–२०३ पृष्ठ=२० चित्रसङ्ख्या।

५. उही पुस्तकका १२४–१२५ पृष्ठ=२६ चित्रसङ्ख्या।

६. वि. सं. २०३७ मा ललितपुरबाट बुद्ध जयन्ती समारोह समितिद्वारा प्रकाशित, हेमराज शाक्यको **शिवदेव संस्कारित श्री रुद्रवर्ण महाविहारं स्थित तालपत्र–अभिलेख** २–३, १५, २४ पृष्ठमा क्रमशः ३, २०, ३२ सङ्ख्याका रूपमा यी लिखतपत्र सबभन्दा पहिले छापिएका हुन्। तर त्यहाँ पहिलो लिखतपत्रको मिति भ्रमवश १५८ छापिएको छ।

७. **बुड्इस्ट् मनुअस्टरिज् अफ् नेपाल्**का २३२ पृ., ४९६ पृ. को ४ सङ्ख्याको टिप्पणी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२. यिप्याबहार जेतब्रर्मनायकस क्षेत्रस्य पश्चिमतः अपुरुछें शिरामभारो[8]कीयक्षेत्रस्य उत्रतः धनिवस्तुक्षेत्रस्य पूर्व्वतो दक्षिणतश्चः एतन्मध्ये द्वयरोपनिकं यत क्षेत्र रोव २ ततः सक्रस्कपरिभोग्य० । तद्यथा नगरविष्टि संत्तारार्वेन मूलमादाय क्रयवि–

३. क्रयस्वाधीयं तेनानिवर्त्त कन्यायेन क्रयेन विक्रीतम्भवति ।। भाश। चात्र ।। यदि स्यात तं क्षेत्र संङ्कटात पतिस्य तदा धारनकेन स्वयं परिसोधनीय० ।। अत्र पत्राथे शाखि स येव उदेहरष भारोस एक श्रुत ज्ञातार प्रमानेति ।। शुभ ० ।। ।।

पाटन **यंगलविहार**मा बस्ने एक जना स्वास्नीमान्छेले पाटन गांकुटोलमा बस्ने अर्की स्वास्नीमान्छेलाई दुइ रोपनी खेत बेची यो पत्र गरिदिएको हो । यहाँ **यंगलविहार**को संस्थान खुलाउँदा **श्रीललितब्रमाया०** **श्रीनोगलके** भनी लेखिएकोले यो **यंगलविहार**, पाटनको **नोगलक**को इलाकामा पर्थ्यो भन्ने स्पष्ट बुझिएको छ । यस कारण यस **यंगलविहार**लाई चिन्नको लागि सबभन्दा पहिले **नोगलक** नै चिन्नुपर्ने भएको छ ।

हाम्रो लिखतपत्र वि. सं. १३२६ फाल्गुनशुक्लपञ्चमीको भएकोले यसभन्दा पुराना लिखतपत्र हेर्दै जाँदा वि. सं. १२४१ भाद्रशुक्लद्वितीया[9] र वि. सं. १२६८ श्रावणशुक्लतृतीयाका[10] पाटनका लिखतपत्रमा **नोगलक** भन्ने ठाउँको उल्लेख आएको छ । तर ती लिखतपत्रबाट पनि **नोगलक**को संस्थानको विषयमा प्रकाश पर्न गएको छैन ।

वि. सं. १३२६ फाल्गुनशुक्लपञ्चमीभन्दा पुराना लिखतपत्रहरुमा **नोगलक**सँग मिल्दाजुल्दा पाटनका स्थाननाम हेर्दै जाँदा वि. सं. ११८८ वैशाखशुक्लपञ्चमीको लिखतपत्रमा **नोगलटोलक**[11], वि. सं. ११९९ प्रथमाषाढशुक्लपञ्चमी[12], वि. सं. १२०९ मार्गकृष्णतृतीया[13] र वि. सं. १२१० वैशाखशुक्लपञ्चमीका[14] लिखतपत्रमा **नोगल** र वि. सं. १२४६ चैत्रशुक्लनवमीको लिखतपत्रमा **नोगलक**[15] भनी लेखिएको भेटिएको छ । यताबाट पनि यो ठाउँ, ललितपुर इलाकामा पर्छ भन्ने थाहा भए तापनि यसको संस्थानको विषयमा विशेष कुरा थाहा हुन सक्दैन । यसो भए तापनि वि. सं. १२४१, १२६८ र १३२६ का लिखतपत्रमा नोगलक भन्ने जुन ठाउँ आएको छ, त्यस नाउँको मूल शब्द **नोगल** हो र **नोगल**को ललाई हलन्त उच्चारण गरी त्यसमा कन् प्रत्यय ल्याउँदा नोगलक रूप बन्न गएको हो भनी भन्न सकिन्छ ।

---

८. जहाँ लेख्नुपर्ने हो, त्यहाँ लेख्न छुटेकोले चिह्न दिई तल खाली ठाउँमा **भारो** थपिएको छ ।

९. **डक्युमन्ट्स् फ्रम द रुद्रवर्णमहाविहार**का १२२–१२४ पृष्ठ = २५ चित्रसङ्ख्या ।

१०. **शिवदेव संस्कारित श्री रुद्रवर्ण महाविहार स्थित तालपत्र-अभिलेख**को २६ पृष्ठ ।

११. **डक्युमन्ट्स् फ्रम द रुद्रवर्णमहाविहार**का १९८–२०० पृष्ठ = १७ चित्रसङ्ख्या ।

१२. उही पुस्तकका ११५–११७ पृष्ठ = १९ चित्रसङ्ख्या ।

१३. उही पुस्तकका ११७–११९ पृष्ठ = २१ चित्रसङ्ख्या ।

१४. उही पुस्तकका २०३–२०४ पृष्ठ = २२ चित्रसङ्ख्या ।

१५. उही पुस्तकका १२६–१२७ पृष्ठ = २७ चित्रसङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि. सं. ११८८ को लिखतपत्रमा **नोगलटोलक**को रूपमा देखिएको ठाउँ, वि. सं. ११९९,१२०९ र १२१० का लिखतपत्रमा **नोगल** हुन पुगेको र वि. सं. १२४६ को लिखतपत्रमा **नोगलक** लेखिन पुगेको कुरालाई माथि भनेको कुराको प्रमाणको रूपमा ल्याउन सकिन्छ ।

यसै कुरालाई अझ अघि बढाउने हो भने वि. सं. १२२६ वैशाखशुक्लपञ्चमीको लिखतपत्रमा **नोग्ल** रूप आएको कुरा लेख्नुपर्छ ।[16] बीचको वर्ण गलाई हलन्त पारेको यो उदाहरण हो भनी भनिरहनुपर्दैन । अझ यसका विभिन्न रूप केलाउँदै जाँदा वि. सं. ११४७ कार्तिकशुक्लसप्तमीको लिखतमा **नोगोल** रूप भेटिएको र त्यहाँ **टोल** शब्द पनि जोडिएको देखिएको छ ।[17]

यसका प्राचीन रूप पहिल्याउँदै जाँदा वि. सं. ११७३ माघशुक्लत्रयोदशी,[18] वि. सं. ११७६ फाल्गुनकृष्ण-अष्टमी,[19] वि. सं. ११८२[20] का लिखतपत्रमा **नोग्वलक** रूप भेट्टिएको कुरा पनि यहाँ भन्नुपर्छ । सबभन्दा मजाको कुरा त, वि. सं. ११९९ को लिखतपत्रमा एक ठाउँमा **नोगल** रूप छ त त्यही पत्रमा अर्को ठाउँमा **नोग्वलक** रूप पनि लेखिएको छ ।[21] **नोग्वलक** रूप पछिल्लो पल्ट वि. सं. १२४३ ज्येष्ठशुक्लएकादशीको लिखत-पत्रमा देखिएको कुरा पनि यहाँनिर भन्नुपर्छ ।[22]

नोग्वलक रूप वि. सं. ११७३ देखि १२४३ सम्म भेटिन्छ त लकारलाई हलन्त नपारी **नोग्वलमा कन्** प्रत्यय जोडी **नोग्वलक** पारिएको रूप वि. सं. ११२१ पौषकृष्णपञ्चमी,[23] वि. सं. ११२५ चैत्रकृष्णसप्तमी,[24] वि. सं. ११३१ वैशाखशुक्लपञ्चमी[25] र वि. सं. ११८८ चैत्रशुक्लपञ्चमी[26]को लिखतमा भेटिएको छ । मूल शब्दमा कन् प्रत्यय नगरिएको **नोग्वल** रूपचाहिँ वि. सं. १०३९ को लिखतपत्रमा आएको कुरा **यहाँनिर**

---

१६. उही पुस्तकका ११९–१२० पृष्ठ = २३ चित्रसङ्ख्या ।

१७. उही पुस्तकका १०६–१०७ पृष्ठ = १२ चित्रसङ्ख्या ।

१८. उही पुस्तकका ११३–११५ पृष्ठ = १६ चित्रसङ्ख्या ।

१९. **शिवदेव संस्कारित श्री रुद्रवर्ण महाविहार स्थित तालपत्र–अभिलेखको** ९ पृष्ठ ।

२०. **डक्युमन्ट्स् फ्रम् द रुद्रवर्ण–महाविहार, पाटन**को २१० पृष्ठ ।
त्यस लिखतपत्रमा **सम्वत् २४५ वैशाख पछि यां** मात्र देखिएकोले पक्ष र तिथि अस्पष्ट छ ।

२१. उही पुस्तकको ११५ पृष्ठ = १९ चित्रसङ्ख्या ।

२२. उही पुस्तकका १२४–१२५ पृष्ठ = २६ चित्रसङ्ख्या ।

२३. उही पुस्तकका १०४–१०५ पृष्ठ = ५ चित्रसङ्ख्या ।

२४. उही पुस्तकका १९०–१९२ पृष्ठ = ६ चित्रसङ्ख्या ।

२५. उही पुस्तकका १९६–१९८ पृष्ठ = ११ चित्रसङ्ख्या ।

२६. उही पुस्तकको २११ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्मरणीय छ।[२७] यति कुरा बुझिए तापनि यी लिखतपत्रहरूबाट यस ठाउँको संस्थानको विषयमा केही प्रकाश पर्दैन।

वि. सं. १३२६ को हाम्रो लिखतपत्रमा **नोगल्क** भनी नाउँ लेखिएको ठाउँलाई यसभन्दा पुराना लिखतपत्रहरूमा **मोग्वल, नोग्वलक, नोगोलटोल, नोग्वल्क,**[२८] **नोगलटोलक, नोगल, नोग्ल, नोगलक** भनेर पनि लेखिएको कुरा यतासम्मका कुराबाट स्पष्ट भएको छ। यसो भए तापनि **नोगल्क** कहाँ थियो भनी हामीलाई गाँठी परेको कुराको समाधान भने यी लिखतत्रहरूबाट पनि हुन नसकेको पनि त्यतिकै स्पष्ट छ। यस कारण **नोगल्क**को परिचयको लागि हामीले अन्यत्र आँखा लाउनुपरेको छ। कुनू शर्मले वि. सं. १७०८[२९] मा बनाएको **कीर्तिपताका** पाटन शहरका मुख्य मुख्य ठाउँको परिचयको लागि अत्यन्त उपयोगी छ। त्यहाँ **नोग्ल** वा **नोगलतोलक**को बयान यसरी गरिएको छ–

नोग्ल

वारु (ण्यां दिशि) किं ब्रुमोऽद्भुतकथां तत्तोलकस्यालयै-
र्यत्रासौं रुरुचे षडाननसुरः प्रासादविद्योतनः ॥
नानाकृत्रि (मपुत्रि) कोज्ज्वलतरैर्गोपानसीतोरणैः
श्रीमन्मण्डपमण्डितप्रविशिखाभव्येष्टिकाकुट्टिमैः ॥ ५६ ॥
प्रासा (दैश्च) हिरण्यतुंगकलशैः प्रोत्तुंगशालोत्तमैः ॥
नानादेवविभूषितैः सुललितैः स्वर्णप्रणाल्युत्तमैः ॥
हेमोत्तुंगशिलोच्चयामरनदीधाराप्रपातैरिव
स्वच्छांबुच्छविनिर्मलीकृतशिवापुत्राननैः शीतलैः ॥ ५७ ॥
वाराही रुरुचे भृशं सह गणैः श्रृंगाटकद्योतनी
यात्राभिः पुरुषाचलाबलजनोत्सुक्ये क्षणैर्दीपकैः ॥
विव्वोकैश्च मिथश्च खिङ्गरमनीसंक्रीडनैः प्रेक्षणैः
श्रीमत्स्येंद्रपते रथेन तनुभिर्वर्षं प्रति द्योतनैः ॥५८ ॥
नृत्यस्थानवरेष्टिकासुललितो विद्योतते नर्तनैः ।
बौद्धैः शाक्यमुनिप्रसन्नहृदयैः श्रीशाक्यसिंहस्तथा ॥
श्रीमन्नोगलतोलकश्च विविधैः सभ्यैर्द्विजैर्मंत्रिभिः

---

२७. उही पुस्तकका १८७–१८८ पृष्ठ=१ चित्रसङ्ख्या। त्यस लिखतपत्रमा **सम्वत् १०३ मार्गशिरशुक्लदि** पछि **यां** मात्र देखिएकोले पक्ष र तिथि अस्पष्ट छ।

२८. वि. सं. ११६० मार्गकृष्णदशमीको लिखतपत्रमा **नोगक** रूप देखिन्छ। (उही पुस्तकका १११–११३ पृष्ठ=१४ चित्रसङ्ख्या) **क** मा **ल** लाउन बिर्सिएर **नोगल्क** को सट्टा **नोगक** हुन गएको जस्तो लाग्छ।

२९ कीर्तिपताकाका ३७, ६४ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीमद्वासवराज्यखण्ड इव वै स्वर्गावतीर्णो भुवि ।।५८।।[30]

नोग्ल वा **नोगलतोलक**मा सुनधारा आदि भएको कुरा र त्यहाँ बर्सेनि मत्स्येन्द्रको रथयात्रा हुने कुरा यी पद्यबाट बुझिएको छ। यहाँ **नोग्ल**मा **स्वर्णप्रणाली** (सुनधारा) छ भनी लेखिएकोले र पाटनमा जहाँ सुनधारा छ, त्यस ठाउँलाई आजभोलि नेवारीमा **नुगः** वा **नुगःत्वा** भनिने गरेकोले हाम्रो **नोगलक**को बयान यी पद्यमा परेका छन् भनी भन्न सकिन्छ। बर्सेनि मत्स्येन्द्रको रथयात्रा हुने कुरा यहाँ लेखिएको र **नुगः**मा सुनधाराको अगाडि मत्स्येन्द्रको रथ एक रात रोकिने चलन आजसम्म भएकोले पनि **कीर्तिपताका**को यो बयान **नुगः त्वा**कै हो भनी भन्न सकिन्छ।

कीर्तिपताकामा शीर्षकरूपा गद्यमा **नोग्ल** रूप दिइएको र तल पद्यमा चाहिँ **नोगल** रूप दिइएकोले त्यस ताका त्यस ठाउँको नाउँको चलेको रूप **नोग्ल** हो र शार्दूलविक्रीडितमा लेखिएको पद्यमा छन्दोऽनुरोधले **नोगल** लेखिएको हो भनी भन्न सकिन्छ। यस कुराको पुष्टिको लागि त्यस ताकाका लिखतपत्रमा **नोगल** होइन कि **नोग्ल** रूप लेखिएको तथ्यतर्फ आँल्याउन सकिन्छ।[31]

पाटनको सुनधारा भएको टोललाई **नोग्ल** भनी **कीर्तिपताका**मा लेखिएकोले, वि. सं. १०३९ को लिखतपत्रमा देखिएको **नोग्वल** रूप, वि. सं. १२२६ को लिखतपत्रमा पनि **नोग्ल** हुन पुगेकोले र वि. सं. १२४१ र १२६८ का लिखतपत्रमा चाहिँ **नोगलक** हुन पुगेको देखिएकोले वि. सं. १३२६ को हाम्रो लिखतपत्रमा आएको **नोगल्क**ले पनि अहिले जहाँ सुनधारा छ, त्यहीवरपरको इलाकालाई बुझाएको स्पष्ट छ। यस कारण सुनधारा भएको ठाउँभन्दा दक्षिणपट्टि नजीकै रहेको हालको **यङ्गबाहा** नै वि. सं. १३२६ को हाम्रो लिखतपत्रमा आएको **यंगलविहार** हो भनी निर्धक्क भन्न सकिन्छ। यताबाट यङ्गबाहा, कमसेकम सात सय वर्षभन्दा पनि पुरानो हो भनी स्पष्टसँग भन्न सकिने भएको छ।

---

३०. वि. सं. २०१८ मा ललितपुरबाट जगदम्बा प्रकाशनद्वारा प्रकाशित, नरहरिनाथद्वारा सम्पादित **श्री कुनु शर्माको कीर्तिपताका**का ४९–५० पृष्ठमा यो भाग परेको छ। नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको पाँचौँ १३८० सङ्ख्या (माइक्रोफिल्मको रीलसङ्ख्या ए ३७७/१) को आधारमा सच्याई यहाँ पाठ दिइएको छ।

३१. वि. सं. १७०८ मा रचिएको **कीर्तिपताका**भन्दा केही अगाडिका वा केही पछाडिका लिखतपत्रमा **नोग्ल** रूप मात्र पाइन्छन्–

वि. सं. १६८७ ज्येष्ठकृष्णनवमीको लिखतपत्र। (परिशिष्टको १ सङ्ख्याको पत्र)

वि. सं. १६९६ को लिखतपत्र। (परिशिष्टको २ सङ्ख्याको पत्र)

वि. सं. १७१७ भाद्रशुक्लचतुर्थीको लिखतपत्र (वि. सं. २०४० मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको **भूमिसम्बन्धि तमसूक ताडपत्र १** भागका ९६–९७ पृष्ठ।

वि. सं. १७२४ पौषकृष्णद्वितीयाको लिखतपत्र। (उही पुस्तकका १०१–१०२ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिशिष्ट

— महेशराज पन्त

(१ सङ्ख्या)

ताडपत्रमा लेखिएको यस लिखतपत्रको मिति, ने. सं. ७५० (वि. सं. १६८७) ज्येष्ठकृष्णनवमी छ। मूल ताडपत्र, नेपाल राष्ट्रिय अभिलेखालयमा छ। यसको क्रमसङ्ख्या १३ हो र यो १ सङ्ख्याको बट्टामा राखिएको छ। यसमा बायाँपट्टि माथिल्लो छेउमा माटाको छाप छ। छापमा श्री अक्षर लेखिएको छ।

मूल पाठ

१ १ श्रेयोऽस्तु ।। सम्वत् ७५० जैष्टकृष्ण ।। नवम्यां तिथौ० श्रीललितब्रूमायां श्रीमानिग्लके पूर्व्वस्थ श्रीनोग्लभोंत वाहार गृह शाक्येवंशश्रीअमृतजुश नाम्ना शकासात ।। श्रीयंछु वंवलाछेंननि यंकुलिगृहमयर्नासिहभारोश नाम्नेण स्वक्रियं स्वभुर्ज्यमानिकं ।। स येव वंवलंछेर्नान यंतामूलछेंया क्षंखंङ पिकुश षुराव थ्वतेया लिफु ह्ङफुसह गृह नाम प्रदेशे ।। ग्राहकस गृहशि–

२. मायां पश्चिमतः ।। गृहाङ्गशिमायां उत्तरत ।। धार्ण्णकस गृहशिमायां पूर्व्वतः ।। यंछुवाहार मगुडि मार्ग्गशिमाया० दक्षिनत ।। एतेषाम्मध्य लंथ्यामार्ग्गेण पूर्व्वंगमणे पुन ननिन उत्रप्रवेश यंतामूर छें दक्षिनाभिःमूख ता यंतामूलछें क्षंखङ पिकुव षुरावन द्वारद्वारछि १ थ्वतेया रिफु ह्ङफुस शुद्धिन दाङन खा जव स्व ३ कु च्या ८ थ्वते परिमान जुरो ।। एते गृहवस्थितबाहिरि द्वाराङ्गन-स्यंदिनिका–

३. यक्षनिस्थापनपलालसंछानस्वशिमासह सकर्षकं स्मपरिभोज्ञे जथा नगलकाल-प्रवत्तमानन सञ्चारार्घेन यथ्वचितमूल्यमादाय क्रे विक्रे स्वाधिनेण तेनानिवृत्तकं-न्यायण क्रीण विक्रीयतम्भवति जदि स्याद्दे विकराजिक विना ता गृह शंकत-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

व्यावादकाले तदा धार्ण्णकेन परिसोधनियं अत्र पत्रार्थे साक्षि धार्ण्ण स्व भ्रातापुत्र ˎ यन्द्रसिंहभारो दृष्ट ॥ क्रिपन सर्व्व सोधार पाचकं पुरण धुंग्व जुरो शुभं ॥

(२ सङ्ख्या)

ताडपत्रमा लेखिएको यस लिखतपत्रको मिति, ने. सं. ७६० (वि. सं. १६९६) माघकृष्णषष्ठी छ। यसको नकल मेरो सङ्ग्रहमा छ।

१. १ श्रेयोऽस्तु ॥ सम्वत् ७६० माघकृष्णः ॥ षष्टम्यायां तिथौ ॥ श्रीललितब्रुमायां श्रीमानिग्लके पूर्व्वस्थः ॥ श्रीनोग्ल न्हुलवाहारवंतागृह ॥ अमात्यकाशिराम-भारोस नाम्ना शकासात् ॥ चाराछ-

२. सारछेंननियंतागृह ॥ पात्रवंश ˎ रावुत्तकासिभारोस नाम्नेण स्वक्रीयं स्वभुज्यं-मानिकं ॥ स एव चाराछवंयोतासारछेंननियंतागृह नाम प्रदेशे ॥ श्रीश्रीराजया गृहशिमायां पश्चिमतः ॥ न-

३. निशिमायां उत्तरतः ॥ श्रीकासिवर्म्मनस गृहशिमायां पूर्व्वतः ॥ श्रीश्रीराजया गृहशिमायां दक्षिणतः ॥ एतोषाम्मध्य ता गृह ॥ मार्ग्गेन पश्चिमप्रवेश ˎ ता सार-छेंननिगृहमण्डले ॥ ता ननि-

४. यंताछे जावछे खाछि १ जव १ मातान जव २ पातार जव ३ एतेतद्गृहःवस्थित-वाहिरिद्वाराङ्गणस्यंदिनिकाजक्षणीस्थाप्नशिखरिसंछानस्वशिमा सकर्षकं समपरिभोज्ञं: यथानगरकालप्र–

५. र्व्वतमानेन सचारातर्घेन यथ्वच्चितमूल्यमादाय क्रीविक्रीस्वादिनेन तेनानिवर्त्तकं ˎ न्यायन क्रेण विक्रीयतम्भवतिः यदि स्यात् देविकराजिक विना ता गृह शंकट व्यावादकाले तदा

६. धार्ण्णकेन परिसोधनियं अत्र पत्रार्थे ॥ साक्षि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वि. सं. २०४३ को मदनपुरस्कारको विषयमा

– नयराज पन्त

आफ्नो २६ वर्षको उमेरमा मैले **इतिहास–संशोधन** प्रकाश गर्न उद्योग गरेथें । वि. सं. १९९६ मा सो इतिहास-संशोधन **शारदा** नामक मासिक पत्रमा प्रकाश गर्न कवि श्रीसिद्धिचरण श्रेष्ठलाई दिएथें । उहाँले पनि प्रकाश गराइदिने उद्योग गर्नुभएको हो । भिन्न रहेको अदृश्य शक्तिको तारतम्यले सो प्रकाश हुन सकेन ।[1]

आफ्नो ३९ वर्षको उमेरमा वि. सं. २००९ मा पहिलो **इतिहास–संशोधन** प्रकाश गराउन म सफल भएँ ।[2] त्यसपछिका वर्षमा लड्दै पड्दै **इतिहास–संशोधन** येन केन प्रकारेण चल्दै गयो ।

वि सं. २००९ आश्विन ५ गते पहिलो **इतिहास–संशोधन** निस्केको हो । वि. सं. २०४४ आश्विन १० गते **लिच्छविसंवत्‌को निर्णय**नामक ग्रन्थको लागि मैले मदनपुरस्कार पाएँ ।[3]

रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेल, दिनेशराज पन्त यी नौ जना संशोधन–मण्डलका कार्यकर्ता र संशोधन–मण्डल भन्ने नामकरण नहुँदै यसमा काम गर्ने ज्ञानमणि नेपालसमेत १० जनाको उत्साहयुक्त अन्वेषणको भरमा **लिच्छविसंवत्‌को निर्णय** तयार गर्न म सफल भएको हुँ । मेरो विचारमा मैले चिताएको कामको आधा भाग मात्र अहिले प्रकाश भएको **लिच्छविसंवत्‌को निर्णय**मा परेको छ । आधा काम पूरा गर्न अझ ठूलो परिश्रम र अध्ययन गर्दै काम गर्दै जानुपरेको छ ।

रत्न मल्लका छोरा अमर मल्ल र अमर मल्लका छोरा सूर्य मल्ल हुन् भनी धेरैले भन्दै आएका थिए । सो कुरो मिथ्याज्ञान हो, वास्तवमा रत्न मल्लका छोरा सूर्य मल्ल र सूर्य मल्लका छोरा अमर मल्ल हुन् भनी पहिलो **इतिहास–संशोधनमा** सिद्ध गरिएको हो ।

---

१. वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको **इतिहास–संशोधनको प्रमाण–प्रमेयमा** छापिएको मेरो **उपोद्‌घातका** २२–२३ पृष्ठ ।

२. १ परिशिष्ट ।

३. २ परिशिष्ट ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भारतीय सम्राट्हरूले चलाएका भारतीय संवत्‌लाई तिनका सामन्त अंशुवर्मालि सकारेका हुन् भनी कसैले भन्दै आएका थिए । भोटे सम्राट्ले चलाएको भोटे संवत्‌लाई तिनका सामन्त अंशुवर्मालि सकारेका हुन् भनी कसैले भन्दै आएका थिए । यी दुवै कुरा मिथ्याज्ञान हुन् । नेपालमै बनेको **सुमतितन्त्र**ले प्रतिपादन गरेको, वि. सं. ६३३ देखि उठेको संवत्‌लाई अंशुवर्मालि व्यवहार गरेका हुन् भन्ने कुरो **लिच्छविसंवत्**को **निर्णय**नामक पुस्तकमा सबै अङ्क पुऱ्याई सिद्ध गरिएको छ ।

मैले मदनपुरस्कार पाउने समाचार प्रकाशित भएपछि र सो पुरस्कार मैले पाएपछि पनि मेरा धेरै इष्टमित्रहरूले तपाईंले मदनपुरस्कार पाउनुभएको सुन्दा हामीलाई खुशी लाग्यो भन्ने भावका कुरा भने, कसैकसैले पत्र पनि पठाए। बाटामा हिँड्दा पनि तपाईंलाई बधाइ छ भन्ने मान्छे निकै भेटिए । पत्रपत्रिकाले पनि मलाई साधुवाद दिए । यसरी मेरो उपर स्नेह देखाउने ती सज्जनहरूलाई मैले साधुवाद दिनैपर्छ । परन्तु मैले के विशिष्ट कुरो प्रतिपादन गरें भन्ने कुरोमा विशेष चर्चा भएको सुनिएन । यसको सामान्य अपवादको रूपमा श्रीमदनमणि दीक्षित[4] र श्रीहर्षनाथ भट्टराईका ५ लेख देखिए भनेरचाहिँ यहाँनिर भन्नुपर्छ ।

अहिले म पूरा ७४ वर्ष पुगिसकेको छु । अब ठाउँठाउँमा गई आफैले शिलापत्रहरू खोजी ती पढी त्यताबाट **लिच्छविसंवत्**को **निर्णय**को अपूरो भाग पूरा गर्न सक्ने अवस्थामा म छैन । माथि नाम परेका दश जना कार्यकर्तामध्ये रामजी अहिले यस संसारमा छैनन् । बाँकी रहेकाहरूमा पनि केही रोग र बुढचाइँले गर्दा केहीनकेही रूपमा मेरै अवस्थामा पुगेका छन् । यस कारण उमेर भएका र माथि नाम परेका संशोधकहरूले काम गरिदेलान्, अहिले सानै उमेरमा रहेका वा पछि जन्मने मानिसले पनि केही काम गरिदेलान् भन्ने आशा म छोड्न सक्दिनँ । यसो गर्न मलाई भास्करले प्रेरणा दिइरहेका छन्–

नहि क्रान्तिपातो नास्तीति वक्तुं शक्यते । प्रत्यक्षेण तस्योपलब्धत्वात् ।...तत् कथं ब्रह्मगुप्तादिभिर्निपुणैरपि नोक्त इति चेत् तदा स्वल्पत्वात् तैर्नोपलब्धः । इदानीं बहुत्वात् साम्प्रतिकैरुपलब्धः ।...साम्प्रतिकोपलब्ध्यनुसारिणी कापि गतिरङ्गीकर्तव्या । यदा पुनर्महता कालेन महदन्तरं भविष्यति तदा महामतिमन्तो ब्रह्मगुप्तादीनां समानधर्माण एवोत्पत्स्यन्ते । ते तदुपलब्ध्यनुसारिणीं गतिमुररीकृत्य शास्त्राणि करिष्यन्ति । अत एवायं गणितस्कन्धो महामतिमद्भिर्धृतः सन्ननाद्यन्तेऽपि काले खिलत्वं न याति ।

(सिद्धान्तशिरोमणि गोलबन्धाधिकार १७–१९ श्लोकको वासनाभाष्य)

[प्रत्यक्ष देखिएको हुनाले क्रान्तिपात (अयनांश) छँदै छैन भन्न सकिँदैन । सिपालु ब्रह्मगुप्तहरूले पनि त्यसको चर्चा किन गर्नुभएन त भन्नु पनि ठीक होइन । त्यस वेलामा थोरै भएको हुनाले उहाँहरूले भेट्टाउनुभएन । अहिले धेरै भएको हुनाले आजकालकाले भेट्टाए ।आजकाल भेट्टाए जति कुनै गतिलाई सकार्नुपर्छ । धेरै कालमा जब धेरै फरक पर्नेछ, त्यस वेला ब्रह्मगुप्त जस्तै ठूला बुद्धिमान्हरू जन्मनेछन् । तिनीहरूले त्यस वेला

४. काठमाडौंबाट मदनमणि दीक्षितद्वारा प्रकाशित, वि. सं. २०४४ भाद्र २६ गते शुक्रवारको **समीक्षा**को १ पृष्ठ ।

५. वि. सं. २०४४ मा काठमाडौंबाट गोरखापत्र संस्थानद्वारा प्रकाशित, **मधुपर्क** २० वर्ष ८ अङ्कका २२–२४ पृष्ठमा छापिएको हर्षनाथ भट्टराईको **लिच्छवि संवत्को निर्णय** भन्ने निबन्ध ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भेट्टाए जति गतिलाई सकारेर ग्रन्थ वनाउनेछन् । यसरी नै ठूला बुद्धिमान्हरूले अड्याइराखेको यो ज्यौतिष-शास्त्रको सिद्धान्तविभाग अनादि अनन्त कालसम पनि बाँझो हुन (बिग्रन) पाउँदैन ।]

(इतिहास-संशोधनको प्रमाण-प्रमेयको उपोद्यातको ३९ पृष्ठबाट)

यस कारण मिथ्याज्ञान हटाई सद्ज्ञान प्राप्त गर्न मैले थाहा पाएका प्राचीन विद्वान्हरूले कस्तो कस्तो काम गरे भन्ने विषयमा अहिले केही भन्नु मैले अपरिहार्य सम्झेको छु ।

पितुः प्रयत्नात्स समग्रसंपदः शुभैः शरीरावयवैर्दिने दिने ।
पुपोष वृद्धिं हरिदश्वदीधितेरनुप्रवेशादिव बालचन्द्रमाः ।।

(रघुवंश ३।२२)

[असल अङ्गप्रत्यङ्गद्वारा ती (रघु), सबै किसिमका संपत्ति भएका बाबुको कोशिशबाट सूर्यको किरण भित्र पस्दा साना चन्द्रमा झैँ बढ्दै गए ।]

सूर्यको किरण पर्दा चन्द्रमाको बिम्बमा शुक्ल (उज्यालो) भाग बढ्दै गएको हो भनी यहाँ कालिदासले लेखेका छन् ।

स्थाने भवानेकनराधिपः सन्नकिंचनत्वं मखजं व्यनक्ति ।
पर्यायपीतस्य सुरैर्हिमांशोः कलाक्षयः श्लाघ्यतरो हि वृद्धेः ।।

(रघुवंश ५।१६)

[चक्रवर्ती भइबक्सेको सरकारबाट यज्ञबाट भएको गरीबी देखाइबक्सेको छ, त्यो ठीक छ । देवताहरूद्वारा पालैपालोसँग पिइएका चन्द्रमाको कलाको नाश हुनु, (कला) बढ्नुभन्दा पक्कै पनि सह्नी गर्न लायकको हुन्छ ।]

चन्द्रमाको कला देवताहरूले क्रमैसँग खाइदिन्छन् र चन्द्रमाको कला घट्तै गएको हो भनी यहाँ कालिदासले लेखेका छन् ।

तामर्पयामास च शोकदीनां तदागमप्रीतिषु तापसीषु ।
निर्विष्टसारां पितृभिर्हिमांशोरन्त्यां कलां दर्श इवौषधीषु ।।

(रघुवंश १४।८०)

[शोकले गर्दा दुःखी भएकी तिनीलाई (सीतालाई) तिनी आउनाले खुशी भएका तपस्विनीहरूलाई पितृहरूद्वारा सार कुरा खाइएको, चन्द्रमाको पछिल्लो कलालाई औँसीले ओषधि (फल फलेपछि नाश हुने बोट)लाई झैँ (वाल्मीकिले) सुम्पे ।]

चन्द्रमाको कला पितृहरूले खाइदिएकाले चन्द्रमाको कला घटेको हो भनी यहाँ कालिदासले लेखेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तं प्रमत्तमपि न प्रभावतः शेकुराक्रमितुमन्यपार्थिवाः ।
आमयस्तु रतिरागसंभवो दक्षशाप इव चन्द्रमक्षिणोत् ।।

(रघुवंश १९।४८)

[मात्तिएका तिनी (अग्निवर्ण) माथि पनि जाइलाग्न (तिनको) प्रभावले गर्दा अरू राजाहरूले सकेनन् । रतिरागवाट भएको रोगले चाहिँ दक्षको शरापले चन्द्रमालाई झैँ (तिनलाई) कमजोर पारिदियो ।]

दक्ष प्रजापतिको शरापले गर्दा चन्द्रमाको शुक्ल (उज्यालो) भाग घट्तै गएको हो भनी कालिदासले यहाँ लेखेका छन् ।

कालिदासको एउटै काव्यवाट माथि उद्धरण गरिएका श्लोकको व्याख्या

१. चन्द्रमामा आफ्नो उज्यालोपन छैन । सूर्यको किरण चन्द्रमाको बिम्बको जुन भागमा पर्‍यो, सो उज्यालो देखिन्छ । सूर्यको किरण नपरेको चन्द्रबिम्बको भागचाहिँ उज्यालो हुँदैन ।

२. चन्द्रमाका कला कृष्णपक्षमा देवताहरूले वा पितृहरूले क्रमैसँग खाइदिन्छन् र चन्द्रमाको बिम्बको शुक्ल-भाग घट्तै जान्छ । शुक्लपक्षमा तिनै देवता वा पितृहरूले आफूले अघि खाएको कला ओकल्दै चन्द्रविम्वमा पारिदिन्छन् र चन्द्रमामा शुक्ल भाग बढ्दै जान्छ ।

३. दक्ष प्रजापतिले आफ्ना २७ वटा छोरी चन्द्रमालाई दिएका थिए । चन्द्रमाले चाहिँ रोहिणीलाई मात्र प्यार गरे, अरूलाई वास्ता गरेनन् । यस्तो व्यवहारबाट असन्तुष्ट भएका अरू छोरीहरूले बाबुसँग गई आफ्नो दुःख पोखे । दक्ष प्रजापतिले जुवाइँलाई सम्झाए । जुवाइँले रोहिणीसँगको आफ्नो प्रेम कम पारेनन् । यताबाट क्रुद्ध भएका दक्ष प्रजापतिले चन्द्रमालाई क्षयरोग लागोस् भनी शराप दिए । जुवाइँ क्षयरोग लागी मरेमा आफ्नै छोरीहरू राँडी हुने भएका र जुवाइँले पनि बिन्तिभाउ गरेकाले मैले बोल्नु बोलिहालेँ, त्यो कुरो टारेर टर्दैन, फलानो प्रायश्चित्त गर्नुहोस्, पन्ध्र दिनसम्म मात्र तपाईँलाई क्षयरोग लाग्नेछ, पन्ध्र दिनपछि तपाईँलाई क्षयरोगले छोड्दै जानेछ, यो क्रम चालू नै रहनेछ भनी दक्ष प्रजापतिले बोले । यसै कारण चन्द्रमामा उज्यालो भाग घट्तै बढ्दै गएको हो । यस्तो हुन्छ ।

यी तीन कुरामध्ये कुनचाहिँ कुरो साँचो हो, कुन कुन कुराचाहिँ झूटा हुन् भन्ने विषयमा कालिदास केही बोल्दैनन् ।

सिद्धान्तज्यौतिषकारहरू यस्तो कुरो हुन सक्तैन, यो कुरो साँचो हो, यो कुरो झूटो हो भनी ठोकेर बोल्छन्–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शापाद्यदीन्दोः सितवृद्धिहानी कथं तु जाते गणिताववगम्ये ।

(सिद्धान्तशेखर १०।११)

[शरापबाट चन्द्रमाको सेतो भाग घट्ने बढ्ने हो भने घट्ने बढ्ने कुरा गणितबाट कसरी आयो ?]

धाम्ना धामनिधेरयं जलमयो धत्ते सुधादीधितिः
सद्यः कृत्तमृणालकन्दविशदच्छायां विवस्वद्दिशि ।
हर्म्ये घर्मघृणेः करैर्घट इवान्यस्मिन् विभागे पुन-
र्बोलाकुन्तलकालतां कलयति स्वस्यास्तनोश्छायया ।।

(सिद्धान्तशेखर १०।१२)

[जलमय यी चन्द्रमा, सूर्य भएपट्टि सूर्यको तेजले गर्दा भरखरै काटिएको कमलको कन्द जस्तै सेतो छाया भएको रूप लिन्छन् । फेरि अर्कोपट्टि, सूर्यको किरणद्वारा घरमा राखिएको गाग्रो झैं, आफ्नै बिम्बको छायाले गर्दा तरुनीको कालो कपाल जस्तै रूप चन्द्रमा लिन्छन् ।]

पाथोमये शीतकरेऽर्करश्मयो विमूर्च्छिता घ्नन्ति तमस्विनीतमः ।
निकेतनाभ्यन्तरगं तमः स्वयं यथा त एवामलदर्पणाश्रिताः ।।

(सिद्धान्तशेखर १०।१३)

[सफा ऐनामा परेका सूर्यका, किरणले घरभित्रको अन्धकार हटाए जस्तै, जलमय चन्द्रमामा परेका, सूर्यका किरणले रातको अन्धकार हटाइदिन्छन् ।]

यहाँ श्रीपतिले चन्द्रमाको कला घट्नु बढ्नुको कारण दक्ष प्रजापतिको शराप होइन, सूर्यका किरण चन्द्र-बिम्बमा जतातिर पर्‍यो, उतातिरको चन्द्रबिम्बको भाग उज्यालो हुनु हो भनी लेखेका छन् ।

श्रीपतिभन्दा झण्डै तीन सय वर्षअगाडिका तल्लले चाहिँ मिथ्याज्ञानको खण्डन गर्न भनेर एक सिङ्गै अध्याय लेखेका छन् । यसमा उनले चन्द्रमाको कला घट्ने बढ्ने विषयमा श्रीपतिले भनेकोभन्दा अलि बढ्ता कुरा बोलेका छन् । त्यो पनि यहाँ भनिहालूँ–

अथ शापवशात्परिक्षयः स्याद्
विबुधैर्वा शशिनो निपीतमूर्तेः ।
गणितेन चयक्षयौ कथं स्तो
यदि पीतश्च समीक्ष्यते स कृष्णः ।।२९।।

(शिष्यधीवृद्धिद मिथ्याज्ञानाध्याय)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[शरापले गर्दा चन्द्रमाको मूर्ति घटेको वा देवताहरूले त्यो पिइदिएको भए गणितद्वारा घटबढ कसरी आउँथ्यो ?]

म जन्मनुभन्दा एक सय सत्ताइस वर्ष अघि जन्मेका, नेपाली ज्योतिषी लीलानाथ पाँडेले नेपाली भाषामा दस विषयको सत्यज्ञानको प्रकाश गरी मिथ्याज्ञानको केही अंशको खण्डन गरिसकेका थिए–

अथ चंद्रका कलाका बढ्ना घट्नाको विषय ॥ ॥

सूर्य तेजोमय गोल छ. तब सूर्यका किरण लाग्दा उष्णताको प्रतीति प्रत्यक्ष हुंछ. चंद्रमा निवीड जलमय गोल छ तब चंद्रका किरण लाग्दा शीतलताको प्रतीति प्रत्यक्ष हुंछ. तेसै कारणले चंद्रका अमृत किरण छन् भनी लोकमा प्रसिद्ध छ. यस्ता चंद्रबिबमा जस्पट्टि जति सूर्यबिबका किरण पऱ्या. तेस्पट्टि तत्ति चंद्रबिब प्रकाश देषींछ. अर्का-पट्टि तेही निवीड चंद्रबिबले सूर्यका किरण छेकीदिंछ र श्यामवर्ण भयाको चंद्रबिब मात्र रहंछ. परंतु आकाशको पनि नीलवर्ण हुनाले मिलिजान्छ. प्रकाश हुन सक्तैन. अमावास्याका समाप्तिमा सूर्य चंद्र माथि तल आफ्नाआफ्ना कक्षामा राशि अंशा घडी पलादिले बरोबरमा रहंछन्. चंद्रका माथि बरोबरमा सूर्य हुनाले उपल्ल.पट्टिको चंद्रबिब तेजोवान् हुंछ. पृथिवीपट्टिको बिब श्याम हुंछ. चन्द्रका उपल्ला पृष्टका मध्यमा बस्न्या अग्निष्वात्तादि पितृगणहरूको शिरमाथि सूर्य हुनाले अमावास्याका दिन मध्यान्ह हुंछ. तेसै कारणले अमावास्या पितृकार्यमा अक्षय पुण्य दिंछ भनी वेद धर्मशास्त्र ज्योति:शास्त्रमा कह्याको हो. सूर्यग्रहणमा पृथिवीदेषो जब सूर्य चंद्र बरोबर सूत्रमा पऱ्या. तब स्यामवर्ण भयाका चंद्रबिबले प्रकाशमान् सूर्यबिबमा जति छेकीदिंछ. तति श्यामवर्ण भयाको सूर्यग्रहण हुंछ औ ढीलो हिड्न्या सूर्यलाइ पछि छोडी चांडो हिड्न्या भयाको चंद्रमा बाऱ्ह राशि तिन् शय साठि अंशाले विभाग गऱ्याका भचक्रमा बाऱ्ह बाऱ्ह अंशा अघि जांछ. तब एक एक कला तेजको वृद्धि अथवा ऱ्हास भयाको भूमिबाट देषिंछ. तेस्लाई तिथिव्यवहार गर्दछन् औ जब बाऱ्ह अंशा मात्र सूर्यदेषी चंद्र अघि गयो. तब शुक्लप्रतिपदा तिथिको समाप्ति द्वितीया तिथिको आरंभ हुंछ. ताहा चंद्रको तेजोवान् एक कला पृथिवीबाट देषींछ. अरु चौध कला तेजवान् माथि-पट्टि पर्दछन्. परंतु त्यो तेजवान् कला सूर्यले गरिकन भयाको हुनाले सूर्य भयापट्टि तेजवान् देषींछ. शुक्लद्वितीया तिथिमा सूर्यदेषी पूर्व दिशामा चंद्र हुनाले बिबका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पश्चिमपट्टिको कला तेजवान् भूमिबाट देषींछ· त्यो सकल लोकप्रसिद्ध छ· येसैलाई चंद्रोदय भंछन्. शुक्लद्वितीया सबैमा चंद्रदर्शन गर्नु. तेसले एक मैन्हासम्मको शुभाशुभ विचार हुंछ. परंतु लोकहरू आश्विनशुक्ल द्वितीयामा विशेष गरी चंद्रको दर्शन गर्छन्. अरु द्वितीयामा याद गर्दैनन्. द्वितीयामा चंद्रको कला शंृग जस्तो देषींछ. मीन मेष राशिको चंद्र छ भन्या दक्षिण दिशाको शृंग उचो उत्तरको शृंग नीचो हुंछ. वृष कुंभ राशिको चंद्र छ भन्या दुवै शृंग बरोबरै हुंछन्. बाकी राशिको चंद्र छ भन्या उत्तर दिशाको शृंग उचो दक्षिणको नीचो शृंग हुंछ. कदाचित् उल्टो भयो भन्या अशुभ जांनु औ पृथिवीबाट तेजवान् कलाको वृद्धि भयाको देषींछ र शुक्लपक्ष अर्थात् उज्यालो पक्ष भनी भंदछन्.जब सूर्यदेषी चौबिस् अंशा चंद्र अघि गयो.तब द्वितीयाको समाप्ति तृतियाको प्रारंभ हुंछ· तेस्मा पृथिवीबाट चंद्रको दुइ कला पश्चिमपट्टिको प्रकाश देषींछ औ सुर्यदेषी तिन् राशिअघि जब चंद्र जांछ· तब शुक्लाष्टमीको मध्य हुंछ. चंद्रबिंब पश्चिमपट्टि आधा तेजवान् भूमिबाट देषींछ· आधा उपल्लापट्टि तेजोवान् हुंछ. अस्त-समयमा हामीहरुका पृथिवीले झैं पितृहरूका चंद्रबिंबले शुक्लाष्टमीदेषी सूर्यलाइ छेक्नाको आरंभ गर्छ र रात्रिको प्रारंभ हुंछ औ जब सूर्यदेषी छ राशिअघि चंद्र गयो. तब सूर्य चंद्र बरोबर साम्ने हुनाले सूर्यका किरण पृथिवीपट्टिका संपूर्ण चंद्रबिंबमा पर्दछन् र पृथिवीबाट संपूर्ण कला प्रकाश देषींछ. चंद्र पूर्ण भयाका देष्नाले पूर्णमासि तिथि भंछन्. यस्मा सूर्यबिंबलाइ बरोबर बीचमा बसी चंद्रबिंबले छेकीदिंछ र पितृको अर्द्धरात्र हुंछ· औ जैल्हे पृथिवीका बरोबर सूत्रमा चंद्र सूर्य पऱ्या. तब सूर्यले गरिकन भयाको भूछाया रात्रिस्वरूप सूयाका कृमले सूर्यकक्षासम्म पुग्याकामा चंद्र पर्छ. तेस् पृथ्विले सूर्यलाइ जति छेकीदियो. तेति चंद्रमामा सूर्यका तेजोवान् किरण पर्दैनं र चंद्रग्रहण हुंछ औ जब सूर्यदेषी छ राशि बाऱ्ह अंशाअघि चंद्र गयो. तब पृथिवीबाट देष्ता चंद्रबिंबको एक कला तेज् घट्याको चंद्रदेषी पूर्व सूर्य हुनाले पूर्वपट्टि चौंध कला तेजोवान् देषींछ. एक कला तेजोवान् उपल्लापट्टि पर्छ· येसैलाइ कृष्णप्रतिपदा तिथिको समाप्ति द्वितीयाका प्रारंभ भंछन्. तेजोवान् कला घट्तो गयो· श्यामकलाको वृद्धि हुन लाग्यो भन्नानिमित्त कृष्णपक्ष अर्थात् अंध्यारी पक्ष भंछन्. पौराणिकहरू ति चंद्रका तेजोवान् एक एक कलाकन कृष्णपक्षमा अग्निप्रभृति देवता षांछन् र कला घट्छन् भंछन्. कला पान गर्न्या देवता वन्हिः १ रविः २ विश्वेदेवाः ३ वरुणः ४ वषट्कारः ५ बासवः ६ ऋषयः ७ अजैकपात् ८ यमः ९ वायुः १० उमा ११ पितरः १२ कुबेरः १३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपतिः १४ प्रजापतिः १५. इ पंध्र देवता कृष्णपक्षमा कृमले एक एक कला पान गर्दछन्. शुक्लपक्षमा ति पान गर्न्या वन्ह्यादि देवतादेषी एक एक कला कृमले आई चंद्रबिबमा ज्मा हुंछ र पूर्णमासिमा कला पूर्ण हुंछ. सोऱ्हौं कला चंद्रको देहकन धारणा गर्न्या आधार शक्तिरूप भयाको अमा नाम भयाको महाकला छ. तेस्कलाको क्षय वृद्धि हुदैन भंछन्. यो कुरो उपपत्तिले बस्न शक्तैन औ जब सूर्यदेषी नौ राशिअघि चंद्र गयो . तब कृष्णाष्टमी तिथिको मध्य हुंछ. चंद्रदेषी पूर्व सूर्य हुनाले पूर्वतरफको चंद्रार्द्ध बिंब प्रकाश देषींछ. चंद्रका उपल्ला पीठका मध्यमा बस्न्या पितृहरूको चंद्रले छेकीयाको सूर्यबिंब देषीन लाग्दछ र दिनको प्रारंभ हुंछ. येसै कारणले कृष्णाष्टमी-देषी शुक्लाष्टमीपर्यन्त पितृहरूको दिन. शुक्लाष्टमीलगायत् कृष्णाष्टमीपर्यन्त पितृको रात्रि. मनुष्यहरूका तिस् दिनको पितृको एक अहोरात्र सिद्ध हुंछ. यो संपूर्ण भंगीरचनामा प्रत्यक्ष देषींछ ।। ।।

इति चन्द्रकलाको वृद्धि ऱ्हासको विषय संपूर्ण भयो ।। ।।

(वि. सं. २०३० मा प्रकाशित पूर्णिमा २६ अङ्कमा छापिएको, रामजी तेवारीको **राजज्योतिषी लीलानाथ पाँडेले नेपाली भाषामा लेखेको सिद्धान्तज्यौतिष** भन्ने निबन्धबाट, सो अङ्कका १६–१८ पृष्टबाट)

इतिहास–संशोधन निक्लन लागेको अहिले पूरा ३५ वर्ष भइसक्यो । तिनै इतिहास–संशोधनहरूको केही भागको परिवर्द्धित परिष्कृत रूप **लिच्छविसंवत्‌को निर्णय** हो । **इतिहास–संशोधन** १३ वर्षसम्म गर्भवास गरी जन्मन सक्यो । यसरी **इतिहास–संशोधन**को उपक्रम भएको पूरा ४८ वर्ष बित्यो ।

कसैको मिथ्या प्रशंसा वा मिथ्या निन्दा गर्न **इतिहास–संशोधन** निस्केको होइन, मिथ्याज्ञानको खण्डन गरी सत्यज्ञान फैलाउन **इतिहास–संशोधन** निस्केको हो । मेरा सहयोगीहरूको, मेरा प्रशसक इष्टमित्रहरूको, मलाई यो ठूलो रकम दान दिलाइदिने गूठीका सदस्यहरूको, मलाई दान बक्सने सम्माननीया रानीसाहेब जगदम्बा-कुमारीको हृदयमा पनि यो कुरा चढ्यो भने यस वर्षको मैले पाएको मदनपुरस्कार सफल भयो भनी म सम्झन्छु ।

□

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ परिशिष्ट

इतिहास संशोधन

(संख्या १)

इतिहासकारहरूको असावधानीले गर्दा छोरा बाबु, बाबु छोरा भएर कान्तिपुरेमल्लराजाहरूको वंशमा गडबडी हुँदा त्यस भ्रमको प्रमाण सहित

निराकरण

लेखक र प्रकाशक:—

केशवमणि आ. दी.

महेन्द्रनाथ अधिकारी.

सुरेन्द्रनाथ अधिकारी.

२००६।६।५ मू. ।६

श्री

श्री पं अम्बिकाप्रसाद उपाध्याय एम् ए. बी. एल. को "नेपालको इतिहास" मा–

महाराज रत्नमल्ल पिताको देहान्त भए पछि काठमाण्डुको राजगद्दीमा बसेका हुन्, ई राजा रत्नमल्लका पछि राजकुमार अमरमल्ल काठमाण्डुका राजा भए ·· ··· इनका शेष पछि सूर्यमल्ल काठमाण्डुका राजा भए ।

(नेपालको इतिहास पृष्ठ ३८–३९)

श्रीरामजी उपाध्यायको "नेपाल दिग् दर्शन" मा राजा यक्षमल्लका मृत्यु पछि तिन्का··· ·· पुत्र रत्नमल्लले ··· ··· ··· कान्तिपुरको राज्य··· ··· ··· अधिकारमा गरेका थिए ··· ··· २ अमरमल्ल ··· ··· ··· ३ सूर्यमल्ल ···

[नेपाल दिग्दर्शन पृष्ठ १३९–१४१]

श्री बालचन्द्र शर्मा एम्. ए. 'साहित्य–रत्न' को "नेपालको ऐतिहासिक रूपरेखा" मा यक्षमल्लका··· छोरा रत्नमल्लले काठमाण्डुको राज्य पाए ··· ···ती पछि उनका छोरा अमरमल्लको ·· ···शासन रह्यो ·· ··· ··· अमरमल्ल पछि उनका छोरा सूर्यमल्ल राजा भए ।

[नेपालको ऐतिहासिक रूपरेखा पृष्ठ १६२–१६३]

कान्तिपुरे मल्ल राजाहरूमा प्रसिद्ध, राजा कवीन्द्र प्रतापमल्ल आफ्नो वंशको क्रम आफ्नो अभिलेखमा यक्षमल्लका छोरा रत्नमल्ल, रत्नमल्लका छोरा सूर्यमल्ल, सूर्यमल्लका छोरा अमरमल्ल भनी तलको श्लोकबाट स्पष्ट गर्दछन्—

भूप: श्रीयक्षमल्लो नरपतिरतुलो रत्नमल्लोऽप्यमुष्मात्
तस्मात् श्री सूर्यमल्लोऽवनिपतिरभवत् तत्तनूजोऽमराख्य: ।

[हनूमान् ढोका नगीचको आठकुने कृष्णजीको देवलमा रहेको प्रतापमल्लको अभिलेख]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[ठूला राजा श्री यक्षमल्ल भए, यिनीबाट रत्नमल्ल भए, ती रत्नमल्लबाट राजा श्री सूर्यमल्ल भए, तिनका छोरा अमरमल्ल भए]

तर यति स्पष्ट पाइएको प्रमाण सम्मको पनि इतिहासकारहरूले वास्ता नराखेर लैलैमा लागी आफ्नो इतिहासलाई आफ्नै साधनले परीक्षा नगर्दा बाबु छोरा, छोरा बाबु भई अमरमल्ल सूर्यमल्लका बाबु हुन गएको इतिहासकारहरूको उपर्युक्त पुस्तकबाट देखिन्छ । त्यसो हुँदा सर्वसाधारणमा भ्रम फैलिई सूर्यमल्ल रत्नमल्लका नाति नभएर रत्नमल्लका छोरा हुन् 'अमरमल्ल' रत्नमल्लका छोरा नभएर नाति हुन् भन्ने समेत दर्शाउन यो 'संशोधन पत्र' निकाल्न वाध्य हुनु परेको हो ।

ती पुस्तकहरूमा यो संशोधन गरी आफ्नो भ्रम निराकरण गर्नु होला भन्ने नम्र निवेदन गर्छौं र सत्यको निम्ति संशोधन पेश गरेकोमा अवश्य नै अनुमोदन गरी प्रोत्साहन दिने आशा राखेका छौं ।

प्राप्तिस्थानः—१०/३५५वटु सवलवहाल काठमाडौं,नेपाल ।

श्री सरस्वती प्रेस महावौद्ध मासंगल्ली, चोकभित्र नेपाल ।

२ परिशिष्ट

(१ सङ्ख्या)

वि. सं. २०४३ को मदनपुरस्कारको घोपणा भएपछि पुरस्कार पाउनेलाई आएको पत्र

मदन पुरस्कार गुठी
श्रीदरबारटोल,
ललितपुर ।
२०४४ भदौ २१

श्री नयराज पन्त
मासंगल्ली
काठमाण्डू

महोदय,

हिजो बसेको गुठीको साधारण सभाको वैठकले सम्वत् २०४३ सालको मदन पुरस्कार ''लिच्छवि संवत्को निर्णय'' भन्ने ग्रन्थका लागि तपाईलाई प्रदान गर्ने निर्णय गरेकोले साधुवाद गर्दै यो सूचना पठाएको छु । नेपाली वाङ्मयका सेवामा यसैगरी अझ धेरै वर्ष तपाईको सत्प्रयास लागिरहोस् भन्ने प्रार्थना गर्दछु ।

शुभकामना सहित,

तपाईको
निमित्तः— मदन पुरस्कार गुठी
कमल दीक्षित
(सचिव)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(२ सङ्ख्या)

मदन पुरस्कार पाएकोमा कृतज्ञताज्ञापन गरी लेखिएको पत्र

वि. सं. २०४४।५।२४।४

मदन पुरस्कार गुठीका सचिवज्यू,

यहाँको वि. सं. २०४४ भदौ २१ को पत्र पाएँ । सो पत्रबाट गुठीले वि. सं. २०४३ को मदन पुरस्कार मलाई दिएको खबर विधिवत् प्राप्त भयो ।

धेरै कालदेखि गुठीले संशोधन – मण्डललाई सहायता गर्दै आएको छ । यो पुरस्कार पनि सोही सहायताको विशिष्ट रूप हो भन्ने मलाई लागेको छ । यसरी गुठीबाट संशोधन–मण्डललाई केही रसायन प्राप्त भयो भन्ने मैले सम्झेको छु । यति गराइदिनुभएकोमा यहाँलाई साधुवाद टक्र्याउँछु ।

पक्ष र विपक्षका कुरा चली नै रहन्छन् । त्यसमा आ–आफ्नो अनुकूलता र प्रतिकूलताबाट आसक्ति र विरक्ति पनि हुन्छ । यो साधारण कुरो हो । तर फलानो देशमा, फलानो दिन, फलानो वेलामा फलाना शासक थिए भन्ने वा फलानो वेला सूर्योदय भएको थियो भन्ने जस्ता कुरामा भने दुइ मत गर्न सकिँदैन । त्यसै गरी अंशुवर्माहरूले व्यवहार गरेको संवत्को विषयमा पनि दुइ मत गर्न सकिँदैन भन्ने कुरो यस पुस्तकबाट जिज्ञासुहरूको मनमा चढ्यो र यो कुरो यस पुस्तकले पाएको पुरस्कारको प्रचारबाट नेपालका दुइ चार जना मानिसले मात्र पनि बुझे भने हामीले गरेको परिश्रम र मदन पुरस्कार गुठीले हामीलाई गरेको सहयोग सफल भयो भन्ने म सम्झन्छु ।

भवदीय
(नयराज पन्त)

(३ संख्या)

मदन पुरस्कार विधिवत् दिइँदा पुरस्कार पाउनेलाई दिइएको रजत पत्र

श्री

संवत् २०४३ सालको मदन पुरस्कार 'लिच्छवि संवत्को निर्णय' भन्ने ग्रन्थका लागि श्री नयराज पन्तलाई प्रदान गरिएकोले यो प्रमाण पत्र दिइएको छ

२०४४।६।१०।७

कमल दीक्षित
मदन पुरस्कार गुठी

३ परिशिष्ट

वि. सं. २०४४।६।१० मा मदनपुस्कार विधिवत् पाएपछि पुरस्कार पाउनेले बोलेको कुरा

सम्माननीया रानीसाहेब, गुठीका सदस्यहरू, उपस्थित सज्जन र महिलाहरू !

हामीहरूको प्राचीनतम ग्रन्थ वेद हो । वेदको एक भाग ब्राह्मण हो । जो मानिस दिनकादिन इतिहास पढ्छ, त्यसले देवतालाई दूधभात र मासुभात चढाएको फल पाउँछ भनी शतपथब्राह्मणमा लेखिएको छ– क्षीरौदनमांसौदनाभ्यां ह वा एष देवांस्तर्पयति । य एवं विद्वान् वाकोवाक्यमितिहासपुराणमित्यहरहः स्वाध्यायमधीते ।

[शतपथब्राह्मण ११।५।७।६]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजकुमारहरूको शिक्षाको विषयमा कौटल्यले उनीहरूलाई दिनको पहिलो भागमा हात्ती, घोडा रथ चढ्ने, हतियार चलाउने शिक्षा दिनुपर्छ; दिनको पछिल्लो भागमा चाहिँ इतिहास पढाउनुपर्छ भनी लेखेका छन्–
पूर्वमहर्भागं हस्त्यश्वरथप्रहरणविद्यासु विनयं गच्छेत् ।१२।। पश्चिममितिहासश्रवणे ।।१३।।

(कौटलीय अर्थशास्त्र १।५)

यी कुराबाट हाम्रा पूर्वजहरू इतिहास पढ्नु आवश्यक सम्झन्थे भन्ने स्पष्ट हुन्छ । हाम्रो पालासम्म आइपुगेको प्राचीन शिक्षापरम्परामा भने वेद, दर्शन, काव्य, ज्यौतिष, व्याकरण, धर्मशास्त्रहरूकै मात्र पढाइ हुन्छ; इतिहासको पढाइ हुँदैन । यसैले हाम्रा पूर्वजहरूले पछि इतिहास पढ्न पढाउन छोडे भन्ने स्पष्ट देखिन्छ ।

नेपालमा, स्थिति मल्लको पालामा (अहिलेभन्दा ६ सय वर्ष जति अघि) लेखिएको गोपालराजवंशावली पाइएको छ । सो पुस्तक संस्कृत र नेवारी भाषामा लेखिएको छ । उक्त गोपालराजवंशावलीमा टिपिएका, सो ग्रन्थ लेखिनुभन्दा दुइ तीन सय वर्ष अघिका ऐतिहासिक घटनाहरू अरू तात्कालिक प्रमाणसँग दाँज्दा दोठ्याङ खाँदैनन्, तर उक्त समयभन्दा पुराना हुँदै गएका घटनाहरूमा भने प्रायः प्रामाणिकता कम हुँदै गएको देखिन्छ । अहिलेभन्दा सय डेढसय वर्ष जति अघि नेपाली भाषामा लेखिएका भाषावंशावलीहरू जुन पाइन्छन्, तिनको पनि यही अवस्था छ अर्थात् हाम्रो देशमा इतिहासको पढाइ थिएन तथा इतिहासप्रति विद्वान्हरूको आदर थिएन भन्ने कुरा यताबाट स्पष्ट देखिन्छ ।

बुढा मरै भाषा सरै भनि भन्छन्. तिमीहरू सबैछेउ सुनाइगयाको भया तम्रा सन्तानलाई सुनाउला र तम्रा सन्तानले हाम्रा सन्तानलाइ सुनोउनं र यो राजे थामि षानन्ः ।।

बूढो मर्छ परन्तु सर्छ उसले जानेबुझेको कुरो यो भन्छन् दुनियाँ, तथा भुवनमा प्रत्यक्ष देखिन्छ सो ।
मेरो जीवनमा घटे जति कुरा, मैले विचारेँ जुन, तिम्रा चित्तमहाँ अडून् त्यति कुरा, यै भन्छ मेरो मन ।।
मेरा यी मनका कुरा सब सुनी सम्झीरहे आखिर, आफ्ना सन्ततिमा तिनै सब कुरा भन्लाउ भै तत्पर ।
तिम्रा सन्ततिले कुरा सब सुनी खेलाउँदै चित्तमा हाम्रा सन्ततिलाई शिक्षण दिनन् भूपालका काजमा ।।
हाम्रा सन्ततिले पनि स्वकुलका हामीहरूका सब राम्रो भाव बुझेर राजनयको सम्झी कुरा वास्तव ।
गर्लान् उत्तम राजकाज, जसले होलान् उनी सुस्थिर, आँखा लाउनसम्म यो मुलुकमा वैरी त माल्ला डर ।।

यस्तो कुरा बोल्ने श्री ५ पृथ्वीनारायण शाहबाहेक हाम्रो देशका राजनीतिज्ञहरूमा अरू कसैले इतिहासमा अभिरुचि देखाएको हामीलाई थाहा छैन । अहिले आएर हामीहरूमा इतिहासप्रति जुन अनुरक्ति देखिएको छ, यो पश्चिमा विद्वान्हरूको संसर्गबाट नै आएको हो भन्ने कुरामा केही सन्देह छैन ।

सय वर्षभन्दा केही अघि गुजरातका पण्डित भगवानलाल इन्द्राजी नेपाल आए र उनले यहाँका केही अभिलेख लगी प्रकाश गराई तिनमा व्याख्या तथा टिप्पणी हाली नेपालको इतिहासको पठनपाठनको प्रारम्भ गराइदिए । उनले प्रकाश गराएका अभिलेखमध्ये १५ वटा लिच्छविकालका अभिलेख छन् । तीमध्ये एक थरी संवत् ३८६ देखि संवत् ५३५ सम्मका र अर्का थरी संवत् ३४ देखि संवत् १५३ सम्मका अभिलेख परेका छन् । यसरी यी अभिलेखमा देखिएका संवत् कुन संवत् हुन् भन्ने प्रश्न भगवानलालको अगाडि तेर्सियो ।

भाषावंशावलीमा कलिगताब्द २८०० मा वसन्तदेव तथा कलिगताब्द ३००० मा अंशुवर्मा भए भनी लेखिएको छ । यताबाट वसन्तदेवको अस्तित्व वि. पू. २४४ मा र अंशुवर्माको अस्तित्व वि. पू. ४४ मा देखियो । लिपि-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विशेषज्ञ भगवानलालले यस्तो कुरोमा विश्वास गर्न सकेनन् । उनले त मानदेवको संवत् ३८६ को अभिलेख विक्रमको चारौं शताब्दीभन्दा पुरानो हुन नसक्ने र अंशुवर्माको संवत् ३४ को अभिलेख विक्रमको सातौं शताब्दीभन्दा पुरानो हुन नसक्ने कुरा लिपिको भरमा निश्चय गरे । चिनियाँ लेखअनुसार अंशुवर्माको अस्तित्व सातौं शताब्दीको उत्तरार्धमा देखिन्छ । यसरी चिनियाँ लेखको आधार र आफ्नो अडकलको भरमा अंशुवर्माका अभिलेखमा देखिएको संवत् वि. सं. ६६३ देखि उठेको हर्षसंवत् हो भन्ने र मानदेवको अभिलेखमा लेखिएको संवत् विक्रमसंवत् हो भन्ने निर्णय भगवानलालले गरे ।

यसपछि बेलायतका प्राध्यापक बेन्डल नेपाल आए । उनले भक्तपुर गोलमाढीटोलको, सहायक शासक अंशुवर्मा भएको एउटा अभिलेखमा संवत् ३१६ देखे । यो संवत् वि. सं. ३७६ देखि उठेको गुप्तसंवत् भएमा मात्र इतिहासको घटना मिल्छ भन्ने उनले सम्झे । यसपछि यस विषयमा फ्लीटले हात हाले । उनले बेन्डलको कुरोलाई प्रामाणिक सम्झी संवत् ३८६ को मानदेवको अभिलेखको संवत् पनि गुप्तसंवत् नै ठह्र्याए र शंकर बालकृष्ण दीक्षितको गणनाको आधार लिई यसको समय वि. सं. ७६२ हुन्छ भन्ने निर्णय गरे । यताबाट, फ्लीटको पालामा आएर नेपालमा गुप्तसंवत् र हर्षसंवत् चलेका थिए भन्ने निर्णय भयो ।

हाम्रो देशमहाँ प्रसिद्ध अति छन् श्रीचाँगुनारायण,
ढुङ्गे स्तम्भ त्यहाँ छ साक्षर तथा सद्बोधको कारण ।
त्यो हो लिच्छविवंशको चरितको पैलो बडो साधन,
त्यल्ले गर्दछ मानदेव नृपका धेरै कुरा वर्णन ॥
तेस्रो विक्रमपूर्वको शतकमा राजा भए ती भनी,
केही मानिस भन्दछन्, छ तिनको आधार वंशावली ।
चौथो विक्रमवर्षको शतकमा राजा भए ती भनी,
इन्द्राजीहरू भन्दछन् स्वमतको आधार त्यै स्तम्भ ली ॥
आठौं विक्रमवर्षको शतकमा राजा भए ती भनी,
श्रीफ्लीटादि बताउँछन् स्वमतको प्रामाण्य त्यै स्तम्भ दी ।

यसपछि फ्रान्सका प्राध्यापक लेभी नेपाल आए । उनले चीनको इतिहासबाट नेपालको राजसिंहासनमा वि. सं. ७०० मा नरेन्द्रदेव थिए भन्ने कुरा पत्ता लाएका थिए । अंशुवर्माका अभिलेखमा देखिएको संवत्लाई हर्षसंवत् हो भनी सकार्दा कमसेकम वि. सं. ७०३ सम्म नेपालको राजसिंहासनमा अंशुवर्मा नै रहिरहन्छन् । यस कारण अंशुवर्माहरूका अभिलेखमा देखिएको संवत् हर्षसंवत् हुन सक्तैन भन्ने निर्णयमा लेभी पुगे ।

बेन्डलले छपाएको पाटन सुनधाराको अंशुवर्माको अभिलेखमा संवत् ३४ मा पौषमा अधिमास परेको देखिन्छ । यसैलाई हेतु मानी अंशुवर्माहरूले व्यवहार गरेको संवत् वि. सं. ६५२ देखि उठेको भोटेसंवत् हो भन्ने निर्णय लेभीले गरे । त्यसो गर्दा भगवानलालले छपाएको पशुपतिको द्वितीय जयदेवको संवत् १५३ को अभिलेखको समय वि. सं. ८०५ हुन आयो । यताबाट वि सं. ८०५ भन्दा अगाडि नै वसन्तदेव बितिसकेका रहेछन् भन्ने सिद्ध हुन्छ । तर भगवानलालले नै छपाएको काठमाडौं जैसीदेवलको वसन्तदेवको अभिलेखको संवत् ४३५ लाई गुप्तसंवत् मान्दा वि. सं. ८११ सम्म वसन्तदेव जीवितै देखिन्छन् । यस कारण, मानदेवहरूले व्यवहार गरेको संवत् गुप्तसंवत् नभई अर्कै संवत् हुनुपर्ने ठहर लेभीले गरे ।

आफैले छपाएको किसिपिँडीको एउटा अभिलेखमा संवत् ४४९ मा आषाढमा अधिमास परेको कुरो लेभीले देखे । त्यही अधिमासलाई हेतु मानी मानदेवहरूले व्यवहार गरेको संवत् वि. सं. १६७ देखि उठेको रहेछ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भन्ने निर्णयमा लेभी पुगे। यसो गर्दा बेन्डलले प्रकाश गराएको गोलमाढीटोलको संवत् ३१६ को अभिलेखको समय वि. सं. ४८३ हुन आयो र यतिखेरै अंशुवर्माको अस्तित्व देखिन आयो। यस आपत्तिबाट फुर्सत पाउन वेन्डल फ्लीटहरूले शतस्थानी अङ्क ३०० हो भनी पढेको उक्त अभिलेखको चिह्नलाई ३०० होइन ५०० हो भन्ने सिद्धान्तको प्रतिपादन लेभीले गरे। यसपछि वादविवाद शुरू भयो। वेन्डल तथा फ्लीटका अनुयायीहरूले लेभीको कुरो मानेनन्। काशीप्रसाद जायसवालले त लेभी इतिहासका विद्वान् नै होइनन्, यिनी त भाषाशास्त्रका विद्वान् हुन्, आफ्नो क्षेत्रबाहिरको काममा हात हालेर यिनले नेपालको इतिहास नै भताभुङ्ग पारिदिए भनी स्पष्टसँग बोले। रमेशचन्द्र मजूमदारले इतिहासको दृष्टिबाट उक्त अभिलेखको शतस्थानी अङ्कलाई ५०० भनी पढ्न मिल्छ, तर लिपिको दृष्टिबाट भने यो सिद्ध गर्न सकिँदैन, जबसम्म अक्षरमा पनि अङ्कमा पनि लेखिएको अभिलेख पाइँदैन तबसम्म यो झगडा टुङ्गिँदैन भनी स्पष्टसँग बोले। यस्ता कुराबाट नेपालको इतिहासमा काम गर्ने हामीहरूको लागि एउटा जटिल प्रश्न खडा हुन गयो।

यस्तैमा वि. सं. २०२४ मा संशोधन–मण्डलका कार्यकर्ता रामजी, देवीप्रसाद, धनवज्र, गौतमवज्र, महेशराज, दिनेशराजहरूले बूढानीलकण्ठनिरको एउटा अभिलेख खोजी पूर्णिमा १५ अङ्कमा प्रकाश गराए। त्यसमा सहायक शासकको रूपमा सर्वदण्डनायक महाप्रतिहार भौमगुप्त देखिन्छन्। त्यस अभिलेखको संवत् बेन्डलहरूको विचारअनुसार ३१२ र लेभीको विचारअनुसार ५१२ पढ्नुपर्ने हुन्छ। उनै सर्वदण्डनायक महाप्रतिहार भौमगुप्त सहायक शासकको रूपमा रहेको चौकीटारको संवत् ४८२ को अभिलेख नोलीले छपाइसकेका थिए। यसो हुनाले बूढानीलकण्ठको अभिलेखको संवत्लाई ३१२ पढ्दा भौमगुप्तले १७० वर्षसम्म सर्वदण्डनायक महाप्रतिहारको रूपमा रही शासन गरिरहे भन्नुपर्ने भयो, ५१२ भनी पढ्दा भने उनले ३० वर्षसम्म सो पदमा रही शासन गरे भन्न पाइने भयो। त्यस कारण पछिल्लो कुरो नै युक्तिसङ्गत भएकोले यो झगडा टुङ्गियो।

वेन्डालादि शतत्रयी भनिदिने यै चिह्न हो भन्दछन्,
यो हो पञ्चशतीप्रबोधक भनी लेभीहरू भन्दछन्।
चर्को वादविवाद यो चलिरह्यो पौने शताब्दीतक,
त्याई साम्नु प्रमाण यो छिनिदियो संशोधले आखिर॥

नेपालमा सुमतितन्त्र भन्ने सिद्धान्तज्यौतिषको पुस्तक पाइयो। त्यसमा वि. सं. ६३३ देखि उठेको नयाँ संवत्को चर्चा छ। वि. सं. ६३३ देखि नेपालमा नयाँ संवत् चलेको कुरा अरू तीनओटा प्रमाणबाट पनि सिद्ध हुन आयो। यस कारण अंशुवर्माहरूका अभिलेखमा देखिएको संवत् सोही संवत् हो भन्ने कुराको सम्भावना देखियो। संवत् ३१ को पौषमा अधिमास परेको अभिलेख मोहनप्रसादद्वारा, संवत् ३४ को पौषमा अधिमास परेको अभिलेख बेण्डलद्वारा, संवत् ३१ माघशुक्ल त्रयोदशी आइतवार तिष्यनक्षत्र परेको अभिलेख धनवज्रद्वारा र संवत् ३०१ वैशाखशुक्ल सप्तमी आइतवार तिष्यनक्षत्र सिद्धयोग परेको अभिलेख बुद्धिसागरद्वारा प्रकाशित भए। यिनबाट हामीलाई गणना गर्ने आधार मिल्यो।

अंशुवर्माहरूले व्यवहार गरेको संवत् कार्तिकादि थियो भनी मानेमा मात्र उपर्युक्त अभिलेखका तिथिमितिको गणना मिल्छ, चैत्रादि थियो भनी मानेमा चाहिँ मिल्दैन। यो झगडालाई छिनिदिने एउटा अभिलेख अनन्तलिङ्गेश्वरमा छ। त्यो लीलादेवीले दे खिछन् र उनका पति भोलानाथलाई भनिछन्। सो अभिलेख संशोधन–मण्डलका कार्यकर्ता रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान, धनवज्र, गौतमवज्र, महेशराज, नयनाथहरूले सम्पादन गरी अभिलेख–संग्रह पहिलो भागमा प्रकाश गराएका थिए। यताबाट अंशुवर्माहरूका अभिलेखमा देखिएका संवत्, वि.सं. ६३३ देखि उठेको सो संवत्भन्दा अर्को हुन सक्तैन भन्ने कुराको राम्ररी टुङ्गो लाग्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छन् चैत्रादिक कार्तिकादिक दुवै संवत् चलेका यहाँ
चल्थ्यो लिच्छविकालमा कुन भनी शङ्का थियो चित्तमा ।
शङ्कानाशक अश्मलेख अहिले संशोधले ल्याइद्यो,
भोलाकी गृहिणी हुँदा मतिमती पाषाण त्यो देखियो ।।

१. अंशुवर्माहरूका अभिलेखमा देखिएको संवत् भारतका सम्राट् हर्षवर्धनले चलाएको हर्षसंवत् हो भनी भगवानलाल भन्छन् ।

२. अंशुवर्माहरूका अभिलेखमा देखिएको संवत् भारतका गुप्तसम्राट्हरूले चलाएको गुप्तसंवत् हो भनी काशीप्रसाद जायसवाल भन्छन् ।

३. अंशुवर्माहरूका अभिलेखमा हर्ष तथा गुप्त दुवै संवत् पाइन्छन् भनी फ्लीट र राधागोविन्द भन्छन् ।

४. अंशुवर्माहरूका अभिलेखमा देखिएको संवत् भारतका सम्राट् यशोधर्माले चलाएको यशोधर्मसंवत् हो भनी के. जी. शङ्कर भन्छन् ।

उपर्युक्त पाँच जना विद्वान्ले ती संवत्लाई प्रमाण मानी भारतीय साम्राज्यभित्र नेपाल पर्थ्यो भन्ने भाव देखाएका छन् ।

५. अंशुवर्माहरूका अभिलेखमा देखिएको संवत् भोटे सम्राट्हरूले चलाएको भोटे संवत् हो, त्यस कारण भोटसाम्राज्यभित्र नेपाल पर्थ्यो भनी लेभी भन्छन् ।

भगवानलाल, फ्लीट, लेभी, जायसवाल, राधागोविन्द, के. जी. शङ्कर यी ६ जनाले जुन जुन संवत् अंशुवर्माहरूले व्यवहार गरेका हुन् भनी बोलेका छन्; ती ती संवत् लिई गणना गर्दा नेपालमा पाइएका अभिलेखका तिथिमिति मिल्दैनन् ।

नेपालमै बनेको सुमतितन्त्रले बताएको संवत् लिई गणना गर्दा नेपालमा पाइएका अभिलेखका तिथिमिति ट्वाक्क मिल्छन् । यस कारण उपर्युक्त ६ ओटै विद्वान्का विचार भ्रमपूर्ण छन् भन्ने स्पष्ट हुन्छ ।

नेपाली अंशुवर्मप्रभृति नृपतिका लेखमा जो छ संवत्,
त्यो संवत् भारतीय क्षितिपतिहरुको राज्यको खास संवत् ।
स्पष्टै देखिन्छ तस्मात् भरतवसुमतीनाथको राज्यभित्र
पर्थ्यो नेपाल भन्दै कतिपय बुधले लेख्तथे यत्रतत्र ।।
भोटे संवत् मान्दथे अंशुवर्मा, भोटेका नै वश्य हुन् अंशुवर्मा ।
नेपालीका नाथ भै भोटनाथ बस्थे भन्ने क्वै थिए बुद्धिमन्त ।।
सुमतितन्त्रहरूकन मन्थन इतर लेखसमेत परीक्षण ।
गणितबाट खुला विधिले भयो भ्रम दुवै थर त्यो अब ता हट्यो ।।

यति टुङ्गो लागेपछि इतिहासको तारतम्यबाट लिच्छविकालमा चलेको पहिलो संवत् शकसंवत्भन्दा अर्को हुन नसक्ने कुरा पनि निश्चित भयो । तर मानदेवहरूका अभिलेखमा देखिएका संवत्मा परेका अधिमासलाई गणितद्वारा सिद्ध गर्ने काम भने हाम्रो अगाडि बाँकी नै रहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिच्छविकालका अभिलेखमा आषाढ र पौषमा मात्र अधिमास देखिन्छन् । आजभोलि चलेको पञ्चाङ्गगणनापद्धति-अनुसार त्यस्तो कुरो हुन सक्तैन । यसैले लिच्छविकालका ज्योतिषीहरूको आधारग्रन्थ के थियो भन्ने प्रश्न हाम्रो अगाडि स्वतः आयो । वेदाङ्गज्योतिषमा आषाढ र पौषमा मात्र अधिमास पर्छन् भनी स्पष्टसँग लेखिएको छ । यसै कारण लिच्छविकालका ज्योतिषीहरूको गणना गर्ने पुस्तक वेदाङ्गज्योतिष रहेछ कि भन्ने सम्भावना देखियो ।

पर्दैनन् अधिमास पौषतिरमा हाम्रो यता सम्प्रति,
सक्तैनन् त्यसलाइ ल्याउन कुनै पञ्चाङ्गका पद्धति ।
पाइन्छन् तर लिच्छवि क्षितिपका पाषाणका लेखमा,
धेरै नै अधिमासका तिथिहरू आषाढमा पौषमा ॥

के हो यो घटना भनेर उहिल्यै सानै छँदामा सुनें,
बिस्तारै ग्रहलाघवादिक पढें, पञ्चाङ्ग गन्ने भएँ ।
शङ्का भिन्न बढ्यो, मिलेन गतिलो मिल्दो कुनै उत्तर,
धेरै कष्ट गरी सके जति पढें, आएन सद् उत्तर ॥

यस्तैमा अहिले फुरे सरि भयो वेदाङ्गको पद्धति,
गिल्ला उत्तर क्यै भनी श्रम गरी पढ्दैछु त्यो पद्धति ।

तर यहाँनिर अर्को विकट प्रश्न खडा भयो । एक वर्षमा ३६६ दिन हुन्छन् भनी वेदाङ्गज्योतिषमा स्पष्टसँग लेखिएको छ । वास्तवमा एक वर्षमा ३६५ दिन र ६ घण्टा जति मात्र हुन्छन् । यस कारण वेदाङ्गज्यौतिषमा लेखिएको वर्षमान र वास्तव वर्षमानमा १८ घण्टाको फरक पर्छ । अर्थात् वेदाङ्गज्यौतिषअनुसार पात्रो बनाउँदै गयो भने ४० वर्षमा एक महीनाको फरक पर्छ । यहीअनुसारको पञ्चाङ्ग व्यवहारमा थियो भनी मान्ने हो भने संवत् ३८६ देखि संवत् ५३५ सम्मका १४६ वर्षमा पौने चार महीना जतिको फरक पर्छ । अर्थात् पात्रोअनुसार मध्य जाडो आउँदा वास्तवमा प्रचण्ड गर्मी चढिसकेको हुन्छ । त्यस्तो अनर्थकुरालाई कसैले मान्यो होला भनी कल्पनासम्म पनि गर्न सकिँदैन । तर यजुर्वेद, महाभारत, अष्टाध्यायी, कौटलीय अर्थशास्त्र, सुश्रुतसंहिता, व्याकरणमहाभाष्यहरूका वर्णनअनुसार ती ती कालमा वेदाङ्गज्यौतिषअनुसारकै गणनापद्धति चलेको थियो भन्ने स्पष्ट देखिन्छ ।

यहाँनिर अर्को पनि विकट प्रश्न खडा भयो । वेदाङ्गज्यौतिष, महाभारत, कौटलीय अर्थशास्त्रहरूमा ५ वर्षमा २ अधिमास पर्छन् भनी स्पष्टसँग लेखिएको छ । वास्तवमा १९ वर्षमा ७ अधिमास पर्छन् । यताबाट ९५ वर्षमा वेदाङ्गज्यौतिषअनुसार ३८ र वास्तवमा ३५ अधिमास पर्ने भई ३ महीनाको अन्तर पर्न आउने भयो । यताबाट ९५ वर्षसम्म वेदाङ्गज्यौतिषअनुसार पात्रो बनाउँदै गयो भने पात्रोमा सबभन्दा छोटो दिन भनी लेखिएको समयमा वास्तवमा दिन र रात बराबर हुन आउँछन् । यस्तो अनर्थ कुरो कसैले मान्यो होला भन्ने कुरा कल्पनासम्म पनि गर्न सकिँदैन । यस कारण वेदाङ्गज्यौतिष अप्रामाणिक ग्रन्थ हो भन्ने कुरा विवश भएर मान्नुपर्ने हुन आउँछ । तर वेदाङ्गज्यौतिषमा मात्र नभई अरू प्राचीन ग्रन्थहरूमा पनि ५ वर्षमा २ अधिमास पर्ने वर्णन भएको र ती ग्रन्थहरू एउटै कालमा नबनी तिनीहरूको अन्तराल पनि धेरै लामो भएकोले यस शङ्काको चक्करबाट फुत्कन गाह्रै पऱ्यो ।

लेभीले छपाएको किसिपिँडीको संवत् ४४९ को अभिलेखमा आषाढमा अधिमास परेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काठमाडौं ब्रह्मटोलको संवत् ४७९ को अभिलेख रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान, धनवज्र, गौतमवज्र, महेशराज, नयनाथहरूले अभिलेख–संग्रह पहिलो भागमा प्रकाश गराएका छन् । त्यसमा पनि आषाढमा अधिमास परेको देखिन्छ । यतावाट, ४७९ मा ४४९ घटाउँदा ३० बाँकी रहने र ३० लाई ५ ले अपवर्तन लाग्ने हुनाले पाँच पाँच वर्षमा अधिमास दोहोरिन्छन् भन्ने वेदाङ्गज्योतिषको सूत्रको प्रयोग यी अभिलेखमा स्पष्ट देखियो ।

काठमाडौं देउपाटनको एउटा अभिलेखको संवत् ४८९ हो भनी पढी बाबुराम र मैले संस्कृत–सन्देशमा प्रकाश गराएका थियौं । ४८९ बाट ४४९ घटाउँदा ४० बाँकी रहने र ४० लाई ५ ले अपवर्तन लाग्ने हुनाले लिच्छविकालको गणनापद्धतिअनुसार पाँच पाँच वर्षमा अधिमास दोहोरिइरहन्थ्यो भन्ने यताबाट पनि देखिन आयो । वि. सं. २०११ को वर्षामा योगी नरहरिनाथ, म, रामजी, देवीप्रसाद, शङ्करमान, धनवज्र, ज्ञानमणि चाँगु गएका थियौं । त्यतिखेर रामजीहरूले चाँगुको मानदेवको शिलालेखको छापा प्रतिलिपि उतारे । त्यसलाई धनवज्र र ज्ञानमणिले राम्रोसँग पढे । त्यस अभिलेखमा पहिलो श्लोक पूरा भएपछि एकको, दोस्रो श्लोक पूरा भएपछि दुइको, यसै क्रमले चिह्नहरू दिइएका रहेछन् । यस अभिलेखमा सातौं श्लोकपछि, बाबुराम र मैले ९ भनी पढेको चिह्न पो दिइएको रहेछ । यस्तै चिह्नलाई भगवानलालहरूले ३ भनी पढेका थिए । यस्तो चिह्नलाई ३ पढ्दा इतिहासको घटनामा दोठ्याङ खान्छ यसैले यो ३ होइन, ९ हो भनी बाबुरामद्वारा प्रतिपादित भएको थियो र म त्यसैको पछि लागेको थिएँ । त्यस दिन त्यो चिह्न ७ हो भन्ने निर्णय भएपछि तोत्रराज र म मिली लेखेको, वि. सं. २००४ मा प्रकाश भएको नेपालको संक्षिप्त इतिहासमा अशुद्धि पर्न आयो । त्यसको संशोधन धनवज्र र ज्ञानमणिले छपाए । यसरी उक्त देउपाटनको अभिलेखको संवत् ४८७ हो भन्ने निश्चय भयो ।

४८७ मा ४४९ घटाउँदा ३८ बाँकी रहने र ३८ लाई १९ ले अपवर्तन हुने हुनाले १९ वर्षमा अधिमास दोहोरिने नियम लिच्छविकालका ज्योतिषीहरूलाई थाहा रहेछ भन्ने कुराको सङ्केत पाइयो । यतावाट, उनीहरू वर्षको मानमा पर्न आएको अन्तरलाई अधिमासद्वारा मिलाउँथे भन्ने आभास पर्न आयो ।

इन्द्राजीहरु तीनसूचक यही सङ्केत हो भन्दछन्,
ऐ. शि. ज्यूहरु तीन होइन यही नौ हो भनी भन्दछन् ।
दोलापर्वतको शिलाभिलिखितश्लोकस्थसङ्केतले,
यो हो सात भनेर निर्णय गरे नानी धन ज्ञानले ।।

यो साधारण बात झैँ छ, तर यै सङ्केतको बोधले,
ठूलो काम भयो, म भन्छु अहिले यो बात संक्षेपले ।
पाइन्छन् श्रुतिका षडङ्ग, तिनमा यौटा त हो ज्योतिष,
त्यो वेदाङ्ग भनिन्छ, वर्ष त्यसमा अत्यन्त नै स्थूल छ ।।

त्यल्ले पार्दछ भेद तीस दिनको चालीस नै वर्षमा,
लोकग्राह्य हुँदैन त्यो विधि कसै क्वै देश क्वै कालमा ।
त्यस्तो ग्रन्थ बन्यो अहो, किन उही चल्दै गयो लोकमा,
धेरै काल अड्यो त्यही किन भनी उठ्छन् निकै तर्कना ।।

प्रत्न–ज्ञान–निमग्न विज्ञजनको सन्देह यो जो थियो,
अङ्कज्ञान यथार्थ भो र त्यसले सन्देह क्यै दूर भो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यो प्राचीन विलुप्तपद्धति अली उग्रेसरीको भयो,
हामीलाइ अगाडि बढ्न त्यसले केही सुविस्ता भयो ।।

यस विषयको अन्वेषण तथा पठनपाठन बढाउँदै लानुपरेको छ ।

यहाँसम्मका कुराबाट रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान, धनवज्र, गौतमवज्र, महेशराज, नयनाथ, दिनेशराज यी ९ जना संशोधन–मण्डलका कार्यकर्ता र संशोधन–मण्डलको नामकरण नहुँदै इतिहास–संशोधनमा काम गर्ने ज्ञानमणिसमेत १० जनाको अन्वेषणले लिच्छविसंवत्को निर्णयमा धेरै प्रकाश पर्न गएको छ भन्ने कुरा निर्विवाद सिद्ध हुन्छ । यो कुरो मैले राम्रोसँग मनन गरेको छु ।

लिच्छविसंवत्को निर्णयमा प्रतिपादित सिद्धान्तहरूको विषयमा म जिम्मेवार छु । आँखाको कमजोरीले गर्दा यति ठूलो ग्रन्थ आफ्नै हातले लेख्न सक्ने अवस्थामा अहिले म छैन । संशोधन–मण्डलका कार्यकर्ताहरूले अन्वेषण गरी निजी खर्च लगाई पुस्तिकाहरू प्रकाश गरी प्रशंसनीय काम गरेका हुन् । आफ्नो अन्वेषण अरूले नै अपहरण गरेको र इतिहासको विषयमा अण्डवण्ड लेख्ने व्यक्ति पनि प्रतिष्ठित भएको देख्दा यिनीहरूको उत्साह सेलाउँदै गयो र संशोधन–मण्डल डुब्लाउँदै गयो । अहिले संशोधन-मण्डल यथाकथञ्चित् बाँचिरहेछ । यस कारण यति ठूलो काममा म संशोधन–मण्डलबाट सहायता पाउन सक्तिनँ । **श्री ५ महाराजाधिराज सरकारको** निगाहबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको सदस्यपदमा मेरो नियुक्ति नभएको भए यो ग्रन्थ यस रूपमा निस्कन सक्तैनथ्यो । सहायक देवीप्रसाद र केशवचन्द्रले यस ग्रन्थको खेस्रा साफी मेरो विचार तथा वचनअनुसार गरेका हुन् । अरू सहायकहरूको चर्चा यसै पुस्तकमा परेको छ । यो पुस्तक तयार गरेबापत नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले मलाई लेखकस्वरूपमा १५० थान पुस्तक पुरस्कार दियो । एक थान पुस्तकको मोल १०० रुपियाँ छ । यस कारण १५,००० रुपियाँ मोल पर्ने पुस्तक मैले पुरस्कार पाएँ । ५० थान पुस्तक मैले आफ्ना लागि राखेँ, ५० थान देवीप्रसादलाई र बाँकी ५० थान केशवचन्द्रलाई दिएँ ।

अहिले मदनपुरस्कार गूठीबाट मैले ५०,०००।– रुपियाँ पुरस्कार पाएँ । संशोधन–मण्डलको आफ्नो विशेष पूँजी केही छैन, यो कुरा पूर्णिमामा छापिएका प्रतिवर्षका आयव्यय–विवरण हेरे थाहा हुन्छ । यस कारण अहिले पाएको यो ५०,०००।– रुपियाँ संशोधन–मण्डललाई समर्पण गर्ने मैले निर्णय गरेको छु । यी रुपियाँको ब्याजबाट संशोधन–मण्डललाई केही सहारा अवश्य पनि हुन्छ ।

यो दान दिइबक्सेकोमा सम्माननीया रानीसाहेब जगदम्बाकुमारीलाई म शुभाशीर्वाद टक्र्याउँछु । यो दान दिलाइदिने सबै सज्जनहरूलाई म साधुवाद टक्र्याउँछु ।

दाह्री श्वेत भयो, गलेँ अलिकता, ऐले छु चौहत्तर,
आँखा कान दुवै गले, स्मृति भने ताजै छ मेरो तर ।
ऐले पाणिनि–भास्कर–प्रभृतिका सूत्रार्थ सम्झीकन,
गर्दैछु श्रम यो कडा, लगधका सूत्रार्थ बुझ्नाकन ।।
'गर्दै काम शतायु बस्न जनले इच्छा लिनै पर्दछ'[1]
यो वेदध्वनिजन्य अर्थ मनमा मेरो सधैँ खेल्दछ ।

१. कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः ।

(शुक्लयजुर्वेद ४०।२)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लुप्तार्थ श्रुतिनेत्र पढ्न त्यसले लागीपरेको म छु,
साथी छैन, छु एकलै, अलिअली यी पाइला चाल्दछु ।।
सच्चा नै इतिहासजन्य घटना यो देशमा फैलियून्,
विद्यार्थीहरू पाठ्यपुस्तक पनि प्रामाणिकै नै पढून् ।
भन्ने आशयले कडा श्रम गरी यो साधना गर्दछु ।
बिस्तारै सँग घस्र्दै अलिअली यी पाइला चाल्दछु ।।
'जे होला पछि दैवकै छ भरमा यो सप्रने बिग्रने,
बाँधी हात बसे त निश्चय भयो त्यो आखिरी बिग्रने ।'[2]
यस्तो व्यास महर्षिको वचनमा आस्था म ता राख्दछु,
धेरैका ननिका कुराकन सही बाँचीरहेको म छु ।।

२. ऐकगुण्यमनीहायामभावः कर्मणां फलम् ।।२७।।
अथ द्वैगुण्यमीहायां फलम्भवति वा न वा ।
(महाभारत उद्योगपर्व १३५ अध्याय)

ज. प्रे. प्रा. लि.

शुद्धिपत्र

३६, ३७, ३९ र ४० पृष्ठमा द्व हुनुपर्नेमा भूलले द्व छापिएको छ ।

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
३९	२३	फाल गुन⁰	फालगुन⁰
४६	२१	उपोद्यातका	उपोद्घातका
४७	११	भट्टराईका ५	भट्टराईका[5]
४८	२	कालसम	कालसम्म
४८	३	उपोद्यातको	उपोद्घातको
४८	१५	रघुवंश	रघुवंश
५२	६	तृतियाको	तृतीयाको
५२	११	सुर्यदेपी	सूर्यदेवी
५६	२१	श्रौ	श्री
५६	२७	मदनपुस्कार	मदनपुरस्कार

पूर्णिमा ७१ अङ्कमा

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१०५	१८	पिउठानाकाश र्मले	पिउठानाका शर्मले
११०	१५	काठमा (डी शु)	काठमा (डौं शु)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास–प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं. १५५/२४६

कार्यालय–

संशोधन-मण्डल

वटु सवलबहाल

ग–१–५३०

काठमाडौँ ३

नेपाल

फोन नं. २–२०४९२

वि. सं. २०४५ श्रावण

यस अङ्कको मूल्य रु. ३०।

'बागबजार छापाखाना' बागबजार, काठमाडौँ–३१ फोन नं. २–२२१७४ द्वारा मुद्रित